का.जि.प्र.का.द.नं. १००/०५९/६०

१६ भदौ २०८१,
आइतबार
1 September, 2024
Sunday
मूल्य रु. ५/-

मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २२, अंक २०१ । पृष्ठ ८
Madhyanha National Daily
madhyanhadaily.com


बाहिर
भ्रष्टाचारमा ५ वर्षे हदम्याद हटाउ....हटाउ !!!
भित्र
अब पनि केल्लाइ राजनीति गर्नु !!

विस्तृत समाचार पृष्ठ ७ मा...

ऐतिहासिक पदकको खुसी

दिवाकर अधिकारी/मध्यान्ह
काठमाडौं, १५ भदौ ।

नेपाली पारा तेक्वान्दो खेलाडी पलेशा गोबर्घनले पेरिस पारालिम्पिक-२०२४ को के-४४ क्याटेगोरीको महिला ५७ केजीमुनि प्रतिस्पर्धामा ऐतिहासिक कांस्य पदक जितेकी छन् । नेपाली खेलकुदको इतिहासमै ओलम्पिकमा आधिकारिक पदक जित्ने पहिलो खेलाडी बन्दै पलेशाले कीर्तिमान रचेकी छन् ।

पेरिसस्थित ग्राण्ड प्यालेसमा शुक्रबार अबेर राति सम्पन्न रिपेचेजको कांस्य पदक भिडन्तमा पलेशाले सर्बियाकी मरिजा मिसेभलाई १५-८ ले पराजित गर्दै नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाइन् । रिपेचेजको पहिलो खेलमा पलेशाले फ्रान्सकी सोफी काभर्जनलाई २-१ ले हराएकी थिइन् ।

पदक जितेपछि पलेशाले मिहिनेतको फल प्राप्त भएको र आफूले जितेको पदक आफ्नो मात्र नभइ सिंगो राष्ट्रका लागि भएको प्रतिक्रिया दिइन् । 'मिहिनेतको फल पाएको अनुभूति भइरहेको छ । यो पदक मेरो मात्र होइन । सिंगो नेपाल र सम्पूर्ण नेपालीहरुको हो,' पलेशाले भनिन्, 'अब हामी गर्वका साथ भन्न सक्छौं ओलम्पिकमा हाम्रो पनि पदक छ भनेर ।'

ओलीको कडा प्रतिवाद

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रमुख प्रतिपक्षी माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बंगलादेश र श्रीलंकाको घटनाबाट सिक भन्दै दिएको अर्ति, उपदेशप्रति आक्रोश पोखेका हुन् ।

अस्मिता बम/मध्यान्ह
काठमाडौं, १५ भदौ ।

A book based on hard facts

प्रधानमन्त्री केपी शर्मा ओलीले प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डको अभिव्यक्तिको कडा प्रतिवाद गरेका छन् । शनिबार काठमाडौंमा क्याप्टेन रामेश्वर थापाद्वारा लिखित 'इनटु द फायर' पुस्तक विमोचन कार्यक्रमलाई सम्बोधन गर्दै प्रधानमन्त्री ओलीले नेपालमा बंगलादेश र श्रीलंकाको जस्तो अवस्था नआउने बताए ।

प्रधानमन्त्री ओलीले माओवादी केन्द्रका अध्यक्ष प्रचण्डले बंगलादेश र श्रीलङ्काको घटनाबाट सिक भन्ने अर्ति, उपदेश दिएकोप्रति आक्रोश पोखे । उनले आफूले लुटपाट नगरेको भन्दै खुट्टा कमाउनु नपर्ने बताए । उनले प्रचण्ड आफैलाई बंगलादेश र श्रीलङ्काबाट सिक्न आग्रह गरे । उनले नेपालमा बेथिति चलाउन नसिकिने भन्दै बंगलादेशमा जे भयो नेपालमा पनि त्यही हुन नेपाल कुनै देशको फोटोकपी मेसिन नभएको टिप्पणी गरे ।

उनले वर्तमान व्यवस्था आफूहरुले लडेर ल्याएको भन्दै यसको विकास र परिमार्जन गर्दै लाने बताए। उनले नेपालमा अब कुनै पनि प्रकारको हिंसा सम्भव नभएको उल्लेख गरे ।

'प्रचण्डजीले श्रीलङ्का र बंगलादेशबाट सिक भनेर अर्ति, उपदेश दिनुभएछ । मैले १७ हजार मान्छे मारेको छु र खुट्टा कमाउने ? मैले लुटपाट गरेको छु र खुट्टा कमाउनु, मैले डराउनुपर्ने ? श्रीलङ्काबाट सिक, बंगलादेशबाट सिक जो चर्को स्वरमा भन्दै हुनुहुन्छ, राम्ररी सिक । म भन्न चाहन्छु, राम्ररी सिक । बेथिति चलाउन सकिँदैन आजको समयमा ।'

प्रचण्डले वर्तमान सरकार माफियाले बनाएको भनेर आरोपित गर्दै हिँडेका छन् । यही भदौ ११ गते प्रतिनिधि सभाको बैठकमा बोल्दै प्रचण्डले सरकारको कामकारबाहीलाई लिएर प्रश्नमाथि प्रश्न गरेका

पृष्ठ २ मा

> मलाई मन नपराउनेहरूका लागि म खुसीको खबर भन्न चाहन्छु- अब मेरो यसपल्ट प्रधानमन्त्रीको कार्यकाल एक वर्ष १० महिना १५ दिन मात्रै बाँकी छ । त्यो भन्दा पनि अलि हप्तादिन अगाडि नै छोड्छु भनेको छु ।
>
> ● **केपी शर्मा ओली**, प्रधानमन्त्री

प्रदेश सरकार अझै अपूर्ण

भावना पाठक/मध्यान्ह
काठमाडौं, १५ भदौ ।

तीन वटा प्रदेश सरकारले प्रर्णता पाउन सकेको छैन । नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा सत्ता समीकरण सुरुवात भएको डेढ महिनाको अवधिमा सबै प्रदेश सरकार फेरिए तर, गण्डकी, लुम्बिनी र कोशी सरकारले पूर्णता पाउन सकेका छैनन् । एमालेका हिक्मत कार्की नेतृत्वको कोशी सरकारमा कांग्रेस सहभागी भएको छैन ।

९ मन्त्रालय रहेको कोशीमा एमालेले मुख्यमन्त्रीसहित ५ र कांग्रेसले चार मन्त्रालय लिने सहमति भएको छ । तर, दुई दलबीचको आन्तरिक किचलोका कारण कांग्रेस सरकारमा सहभागी भएको छैन । गण्डकी प्रदेश सरकारले पनि पूर्णता पाउन सकेको छैन । कांग्रेसका सुरेन्द्र पाण्डे नेतृत्वको सरकारमा अहिलेसम्म एमाले सहभागी भएको छैन । लामो रस्साकस्सीपछि केही दिनअघि मन्त्रालयको संख्या र भागबन्डामा सहमति जुटे पनि एमाले सरकारमा सहभागी भइसकेको छैन ।

> नेपाली कांग्रेस र नेकपा एमालेका बीचमा सत्ता समीकरण शुरुवात भएको डेढ महिनाको अवधिमा सबै प्रदेश सरकार फेरिए, तर गण्डकी, लुम्बिनी र कोशी सरकारले पूर्णता पाउन सकेका छैनन् ।

एमालेकै खगराज अधिकारी नेतृत्वको सरकार ढलेपछि आफू मुख्यमन्त्री बन्दा सघाएका नेपाल समाजवादीका फणिन्द्र देवकोटा र दीपक मनाङे (राजीव गुरुङ)लाई कांग्रेसले मन्त्रीबाट हटाउन चाहेको छैन । यहीकारण ७ मन्त्रालय रहेको गण्डकी प्रदेशमा अब बढाएर ९ मन्त्रालय पुऱ्याइने भएको छ । जसमा कांग्रेसले ५ तथा एमालेले ४ मन्त्रालय पाउने समझदारी छ ।

लुम्बिनीमा सरकारले नि पूर्णता पाउन सकेको छैन । एमालेका चेतनारायण आचार्य नेतृत्वको लुम्बिनी सरकारमा कांग्रेस सामेल भए पनि त्यहाँ कांग्रेसकै किचलोका कारण मन्त्रिपरिषद्ले पूर्णता पाउन नसकेको नेताहरू बताउँछन् ।

वैदेशिक रोजगार विशेष

नेपालमा युरोपेली मुलुकका दूतावास नहुँदा नयाँदिल्ली पुग्ने अधिकांश ठगिदै

मध्यान्ह संवाददाता
काठमाडौं, १५ भदौ

नेपालमा युरोपेली मुलुकका दूतावास नहुँदा वैदेशिक रोजगारी तथा पर्यटन भिसाका लागि भारतको नयाँदिल्ली पुग्ने अधिकांश ठगिने गरेका छन् । नयाँदिल्लीस्थित युरोपेली मुलुकका दूतावासमा नेपालीको पहुँच नहुँदा नेपालीहरू बिचौलियाको भर पर्ने र ठगीमा पर्ने गरेका छन् ।

कतिपय नेपालीको ठूलो रकम दलालले खाइदिएको र कतिपयलाई बिचौलियाले नक्कली भिसा भिडाएर जेलसमेत पुऱ्याउने गरेका छन् । खासगरी ब्रालिज, अजरबैजान, क्यानडा, बेल्जियमलगायतका देशमा वैदेशिक रोजगारीका लागि पर्यटन भिसामा पठाउने आश्वासन दिँदै नेपाली युवायुवतीलाई ठगी गर्ने घटना पछिल्ला दिनमा उल्लेख्य बढेको नेपाली दूतावासका एक कर्मचारी बताउँछन् ।

दिल्लीबाट भिसा लगाएर तेस्रो मुलुक पठाउने प्रलोभन देखाएर नेपालबाट बोलाउने र पैसा असुलेपछि

पृष्ठ २ मा

इजरायलले निकाल्यो रिजल्ट मन्त्रालय भने छानबिनमै

काठमाडौं/मस- श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले आवेदकहरूको कागजात छानबिन गरिरहेका बेला इजरायलले केयरगिभरका लागि लैजाने आवेदकको नाम छनोट गरेको छ। नेपालबाट लैजाने कामदार छनोटमा संलग्न इजरायलको जनसंख्या तथा अध्यागमन प्राधिकरण (पिवा)ले गोलाप्रथामार्फत २ हजार २ सय ४ जना नेपाली कामदार छनोट गरेको हो ।

इजरायलका दीर्घकालीन स्याहार केन्द्रमा काम गर्न जाने सहायक कामदारका लागि आवेदन दिँदा पेस गरिएका कतिपय केयर तालिमका कागजात नक्कली भएको सार्वजनिक भएपछि श्रम मन्त्रालयले उपसचिव मेघनाथ रिमालको संयोजकत्वमा ५ सदस्यीय छानबिन समिति गठन गरेको थियो ।

पिवाले बिहीबार इजरायलले श्रमिक छनोट गरेको वैदेशिक रोजगार विभागलाई जानकारी दिएको निर्देशक तथा सूचना अधिकारी गुरूदत्त बरालले बताए । विभागले ३ हजार ४ सय ६१ जनाको नामावली इजरायल पठाएको थियो ।

हार्दिक बधाई

मुख्य सचिव एकनारायण अर्याल

नेपाल सरकारको सर्नोच्च प्रशाशनिक पद मूख्य सचिवजस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा हाम्रा अभिभावक श्रीमान मुख्य सचिव **एकनारायण अर्याल**ज्यूप्रति हार्दिक बधाईका साथै उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना ब्यक्त गर्दछौं ।

अमृत रिजाल
स्याङ्जा हरिनास गाउँपालिकाका अभिभावक स्व. मनोरथ रिजालका जेष्ठ सुपुत्र,
टेकनाथ रिजाल प्रतिष्ठान तथा राष्ट्रिय विभूति स्मृति प्रतिष्ठानका संरक्षक
टि.जि.एल. नेपाल प्रा.लि.का संस्थापक अध्यक्ष

शिक्षक मुना रिजाल
धापासी
माध्यमिक
विद्यालय

अमुल्य रिजाल
अध्यक्ष
नेकपा (एमाले) युवा विद्यार्थी
विशेष एनसीआईटी कलेज
शाखा कमिटी, बालकुमारी

सरिता रिजाल सुवेदी
अध्यक्ष
श्री अनन्ता सामुदायिक सेवा समिति
पोखरा-२ बिन्ध्याबासिनी
सचिब पोखरा चेम्बर अफ कमर्श कास्की

सोबर्ण रिजाल
अध्यक्ष
धनन्जय आमा समूह हरिनाश-४, स्याङ्जा
तथा समस्त रिजाल सुवेदी पौडेल परिवार

प्रेस विज्ञप्ति

नेपालको अर्थतन्त्र चलायमान बनाउन वैदेशिक रोजगारबाट प्राप्त रेमिट्यान्सले महत्वपूर्ण भूमिका खेलेको छ । दैनिक १५ सयभन्दा बढी श्रमिकहरु वैदेशिक रोजगारीमा जान बाध्य छन् । वैदेशिक रोजगारीको मुख्य गन्तव्य खाडी मुलुकहरुलगायत मलेसिया पुग्न एयरलाइन्सहरुले एकतर्फी हवाई भाडादर अस्वभाविकरुपमा वृद्धि गरेकोप्रति नेपाल वैदेशिक रोजगार व्यवसायी संघको गम्भीर ध्यानाकर्षण भएको छ । नेपालबाट भन्दा लामो दुरी तय गर्नुपर्ने बंगलादेश, श्रीलंकाजस्ता देशहरुबाट सोही गन्तव्य पुग्न नेपालबाट भन्दा कम हवाई भाडा दर मूल्य रहेको छ । छिमेकी मुलुक भारतबाट सोही गन्तव्य पुग्न आधा मूल्यभन्दा कम हवाई भाडा दर रहेको छ । साथै सोही गन्तव्य मुलुकहरुबाट नेपाल आउँदा एकतिहाइभन्दा कम मूल्यमा नेपाल आइन्छ भने यताबाट सोही गन्तव्य जाँदा हवाई भाडादर ३ गुणा बढी मूल्य तिर्नुपर्ने अवस्था रहेको छ । सीमित ट्राभल एजेन्सीहरु, एयरलाइन्सहरु र त्यसलाई नियमन गर्ने निकायको मिलेमतोमा अस्वाभाविक हवाई भाडा बढेको त होइन भन्ने प्रश्न उब्जेको छ । यस विषयमा करिब ६ महिना अगाडिदेखि नै सम्बन्धित निकायहरुलाई संघले ध्यानाकर्षण गराउँदासमेत समस्या समाधान नभइ निरन्तर अन्तर्राष्ट्रिय हवाई भाडा दर बढिरहेकोप्रति संघ विरोध गर्दछ । अन्तर्राष्ट्रिय हवाई उडानको भाडा दरमा अस्वाभाविक मूल्य वृद्धि र कृत्रिम अभावको मारमा बाध्यतावश विदेशिने नेपाली श्रमिकहरुलाई परेको छ । नेपाल सरकार पर्यटन मन्त्रालयले छिटोभन्दा छिटो सम्बन्धित पक्षलाई बोलाएर अस्वभाविक मूल्य र कृत्रिम अभाव खडा गरेको विषयलाई छानबिन गर्न सम्बन्धित निकाय र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई अनुरोध गर्दछौं । सम्बन्धित निकायले छानबिन गरी वास्तविक हवाई भाडा मूल्य नतोक्ने हो भने हामी सम्पूर्ण व्यवसायीहरु टिकट काट्न बन्द गर्ने यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं ।

मेघनाथ भुर्तेल
महासचिव

नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
तिलगंगा-८, काठमाडौं, फोन नं. ०१- ४५९०९६९/४५९४४१८ । ९८०१०९७८८२

एमपक्स नेपालमा पनि आउनसक्छ, तर कोभिडजस्तो आत्तिनु पर्दैन : डा. पुन

काठमाडौं / मस–जनस्वास्थ्यविद् डा.शेरबहादुर पुनले संसारका कुनै पनि ठाउँमा देखिने सरुवा रोग यात्राको माध्यमबाट स्वदेशमा आउन सक्नेतर्फ सचेत हुनुपर्ने बताएका छन् ।

जापानमा पढेका र तालिम लिएका नेपालीको संस्था जाइका एमुनाई एसोसिएसनद्वारा शनिबार काठमाडौंमा आयोजित ‘वर्तमान विश्वमा स्वास्थ्य जीवनसम्बन्धी’ गोष्ठीमा बोल्दै डा.पुनले हाल अफ्रिका र युरोपेली देशमा देखिएको एमपक्स (मंकी पक्स) नेपालमा पनि आउन सक्ने बताए ।

विगतमा स्वाइन फ्लु र कोभिडको प्रकोप पनि दक्षिण एसियाली क्षेत्रसम्म त्यसैगरी आइपुगेको बताए । ‘कतै देखिएको प्रकोपलाई हामी त्यो देशभन्दा धेरै टाढा छौं भनेर ढुक्क हुने अवस्था छैन,’ उनको भनाइ थियो ।

यद्यपि मंकी पक्ससम्बन्धी अहिलेसम्मको चिकित्सा अनुभवले यो कोभिड जत्तिको खतराजनक नभएको देखिएको पनि डा.पुनले बताए । यसलाई अहिलेसम्म ठेउला जस्तै छालामा हुने सङ्क्रामक रोगका रुपमा चिकित्सा विज्ञानले बुझेको डा.पुनले बताए ।

सन् १९५८ मा बाँदरहरुमा देखिएका कारण मङ्की पक्स नाम पाएको यो रोग सन् १९७० मा कङ्गोका एकजना नौवर्षे बालकमा भेटिएपछि मानव शरीरमा पनि सङ्क्रमण हुने कुरा पत्ता लागेको थियो ।

ज्वरो, कडा टाउको दुखाइ तथा अनुहार र हातमा खटिरा आदि यस रोगका लक्षण हुन् । अहिले यो रोग विश्वका ४० देशमा पुगिसकेको छ ।

पछिल्लो समय लामुखुटे नियन्त्रण प्रभावकारी नहुँदा डेङ्गीको समस्या बढ्दै गएको पनि उनले बताए । यसबाहेक

हैजाको समस्या भने जार वा बोटलको पानी भन्दै नउमाली खाने बानीले बढाएको देखिएको पनि उनले बताए ।

कार्यक्रममा हृदयरोग विज्ञ डा.ओम मूर्ति अनिलले हृदय रोग, मधुमेह र मिर्गौला रोग लाग्न नदिन बूढेसकाल लागेपछि होइन युवा उमेरदेखि नै अनुशासित खानपान र जीवनशैली हुनुपर्ने बताए ।

शरीर ३० वर्षको आसपासमै अधिक तौल आदिले समस्या उन्मुख भइसकेको हुन्छ । त्यस्तो मानिसले ५० वर्षपछि कुनै अप्ठ्यारो परेर स्वास्थ्य जाँच गर्दा समस्या दीर्घकालीन भइसक्छ, उनको भनाइ थियो ।

कार्यक्रममा नेपालका लागि जापानी राजदूत युताका किकुताले नेपालमा वायु र जल प्रदूषण जनस्वास्थ्यका लागि सबैभन्दा प्रमुख चुनौतीका रुपमा देखिएको बताउँदै यसको समाधानका लागि स्वस्थ्य खानेपानीको आपूर्ति र वायु प्रदूषणका कारकहरू नियन्त्रण गर्नुपर्ने बताए ।

आँखा सुरक्षाबारे जानकारी दिन क्विज प्रतियोगिता

मध्यान्ह संवाददाता
रौटहट, १५ भदौ

आम मानिसहरुलाई आँखाको दिव्य ज्योतीलाई सुरक्षित राख्न तथा त्यसबारे यथेष्ट जानकारी दिन क्विज प्रतियोगिता सम्पन्न भएको छ । आफ्नो अमूल्य आँखाको सुरक्षा कसरी राख्न सकिन्छ भने जनचेतनामूलक क्विज प्रतियोगिता सफलता पूर्वक सम्पन्न गरिएको हो । परोहा नगरपालिकाको स्वास्थ्य शाखा र तराइ टप अनलाइनको आयोजनामा पहिलो पटक ‘हाम्रो जिम्मेवारी आँखाको सबैको साझेदारी’ भन्ने मूल नाराका साथ सञ्चालन गरिएको सर्ट भिडियो अनलाइन यूट्यूव खुला प्रतियोगिताको नजिता प्रकाशन गरिएको छ ।

मूल आयोजक समितिले प्रकाशित गरेको नतिजा अनुसार रौतहट जिल्ला राजदेवी नगरपालिका वडा नम्वर ९ का हाल नेपाल डिजिटल एजुकेशन प्रालि वीरगञ्जमा अध्ययनरत मानसी सिंह प्रथम स्थान हासिल गर्न सफल भएकी छिन् ।

यस्तै पर्सा जिल्ला वीरगञ्ज महानगरपालिका वडा नम्वर १६ घर भइ त्रिजुद्ध महादेव प्रसाद रघुविर राम टेक्नोलोजी सेकेन्डरी स्कुल वीरगञ्जमा अध्ययनरत

2nd
WINNER
प्रतियोगिता'दर्पण'
3rd
3rd

प्रकाशकमार राउत दोश्रो भएका छन् । महोत्तरी जिल्ला मनरा सिसवा नगरपालिका वडा नम्वर २ भोलही घर भइ मोनास्टिक इन्टरनेशनल एकेडेमी जनकपुरधाममा अध्ययनरत आर्या पाण्डे तेश्रो स्थान हासिल गरेकी छिन् । यस्तै मोनास्टिक इन्टरनेशनल एकेडेमी गौर रौतहटका समूहगत भिडियो चौथो र महर्षी बालमिकी आवसीय माध्यमिक विद्यालय गौरका अनिशा कुमारी यादवले पाँचौ स्थान प्राप्त गरेकी छिन् । दुवै जनालाई सान्त्वना पुरस्कार दिइने आयोजक समितिले जनाएको छ । आँखालाई कसरी सुरक्षित राख्ने सम्बन्धी जनचेतना मूलक सर्ट भिडियो अनलाइन यू ट्यूब प्रतियोगिताका लागि २ सय ७६ भिडियो प्राप्त भएको थियो । जसमा भिडियोहरुको बढी भिउज भएका आधारमा नतिजा प्रकाशन गरिएको आयोजक समितिका पदाधिकारी एवं गौर आँखा अस्पताल कार्यक्रम संयोजक सत्येन्द्र पाण्डेले जानकारी दिए ।

प्रथम, दोश्रो र तेश्रोलाई क्रमशः ५१ सय, २१ सय, ११ सय नगद र सो बराबरको शैक्षिक सामग्री उपहार दिइने छ । चौथो र पाँचौलाई सान्त्वना पुरस्कार स्वरुप जनही ११ सय नगद पुरस्कार दिइनेछ । २२ जना प्रतियोगीलाई एक सयको रिचार्ज कार्ड सम्मान स्वरुप दिइनेछ । अपलोड गरिएको भिडियोलाई भदौ १४ गते राति १२ बजेसम्म प्राप्त भएको भिउजको आधारमा नतिजा प्रकाशन गरिएको जानकारी संयोजक पाण्डेले दिए । चौथो र पाँचौ स्थान प्राप्त गर्नेलाई नेपाल नेत्र ज्योती संघ, गौर आँखा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष विजय कुमार सिंहबाट प्रदान गरिनेछ । साथै सञ्चार क्षेत्रमा सहयोग गर्ने दुई जना सञ्चारकर्मी सत्येन्द्र प्रताप सिंह तथा दिलिप पाण्डेलाई सम्मान गरिने उनले बताए ।

राष्ट्रिय पुस्तकालय दिवस मनाइयो

पवन जायसवाल / मध्यान्ह
बाँके, १५ भदौ

निरन्तर शिक्षाका लागि पुस्तकालय
१७ औं राष्ट्रिय पुस्तकालय दिवस
आयोजक:
महेन्द्र पुस्तकालय
नेपालगञ्ज, बाँके

नेपालगञ्जमा रहेको महेन्द्र पुस्तकालयले १७ औं राष्ट्रिय पुस्तकालय दिवस मनाएको छ ।

‘निरन्तर शिक्षाका लागि पुस्तकालय’ भन्ने मुख्य नाराका साथ ऱ्यालीसहित शनिबार मनाइएको हो ।

नेपालगञ्ज उप-महानगरपालिका वडा नं. ८ रानीतलाउमा रहेको महेन्द्र पुस्तकालयदेखि शुरु भएको ऱ्यालीमा विभिन्न नारासहित नेपालगञ्जका महेन्द्र नमूना माध्यमिक विद्यालय, सरस्वती माध्यमिक विद्यालय, नारायण नमूना माध्यमिक विद्यालय र मंगल प्रसाद नमूना माध्यमिक विद्यालयका छात्र-छात्रा, महेन्द्र पुस्तकालयका पदाधिकारी, कर्मचारी आजीवन सदस्यहरुको सहभागितामा त्रिभुवन चौक, त्रिवेणीमोड, न्यूरोडस्थित भानुभक्त चौक हुँदै पुन पुस्तकालयमा पुगेको थियो ।

महेन्द्र पुस्तकालय नेपालगञ्जका सचिव मणिदेव अर्यालद्वारा सञ्चालित, पुस्तकालयका अध्यक्ष बलराम यादवको अध्यक्षतमा सम्पन्न कार्यक्रममा नेपालगञ्ज-उपमहानगरपालिकाका प्रमुख प्रशान्त विष्टले ब्यानर वाचन गरेर कार्यक्रमको विधिवत् रुपमा उद्घाटन गरेका थिए । प्रमुख विष्टले उद्घाटन गर्दै अहिलेको समयमा पुस्तकालमा गएर पढ्ने बानी कम भएको बताए । उनले भने, ‘मोबाइल एउटा साधन मात्र हो, ज्ञान, शिक्षा प्राप्त मात्र पुस्तकालयबाट नै हुन्छ, कसैले आफुनो आमा बुबालाई हेपेर कहिले ठूलो मान्छे हुँदैन, आमा बुबाको सेवा गर्न कहिले बिर्सनु हुँदैन ।’

पुस्तकालयका उपाध्यक्ष पंकज कुमार श्रेष्ठले कार्यक्रममा आएका पाहुनाहरुलाई स्वागत गरेका थिए ।

विशिष्ट अतिथि प्रमुख जिल्ला अधिकारी खगेन्द्र प्रसाद रिजालले मोवाइलको कारणले गर्दा पढ्न, लेख्न संस्कृति हराएको बताए । उनले ज्ञान वृद्धिका लागि पुस्तकालयको आवश्यकता गर्ने बताए । विशिष्ट अतिथि लुम्बिनी प्राविधिक विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा.कृष्ण प्रसाद घिमिरे, नेपाल प्रज्ञा प्रतिष्ठानका प्राज्ञ सभा सदस्य शशीराम कार्की, सर्वदा साहित्य संगमका अध्यक्ष खगेन्द्र गिरि कोपिलाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

उक्त कार्यक्रममा नेपाल प्रज्ञा प्रतिष्ठानका पूर्व सदस्य सचिव सनत कुमार रेग्मीले पुस्तकालयको बारेमा प्रकाश पारेका थिए ।

सो कार्यक्रममा वरिष्ठ कलाकार सुन्दरु गुरुङ, साहित्यकार चन्द्रवती अधिकारी, शिक्षिका पुष्पा भट्टराई, ब्रहम कुमार कृष्ण बहादुर रानाभाट, विद्यार्थीको तर्फबाट निराजन बुढा लगायतले रचनावाचन गरेका थिए ।

कार्यक्रममा भेरी साहित्य समाज केन्द्रीय समितिका अध्यक्ष इन्द्र बहादुर बस्नेत, समाजसेवी तथा नेपालगञ्ज उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठ, अवधी साँस्कृतिक प्रतिष्ठान केन्द्रीय समितिका संस्थापक विष्णुलाल कुमाल, जिल्ला हुलाक कार्यालय नेपालगञ्जका प्रमुख गोबिन्द प्रसाद पाण्डे, समाजसेवी सूर्यलाल यादव, प्रलेश बाँके अध्यक्ष पुष्पमणि प्रधान, भरत बहादुर रानाभाट र शिक्षाविद् जीत बहादुर शाह लगायतको सहभागिता रहेको थियो ।

छिनखेत बजार सरसफाइ

प्रचण्ड खत्री / मध्यान्ह
रुकुम पश्चिम, १५ भदौ

रुकुम पश्चिमको बाफिकोट गाउँपालिकाको प्रमुख व्यापारिक केन्द्र छिनखेत बजार सरसफाइ गरिएको छ । स्थानीय व्यापारीहरुको समन्वय र सहकार्यमा सरसफाइ गरिएको हो ।

प्रत्येक पसल अगाडि डस्टबिन राख्ने, पोहोरमैला व्यवस्थापन गर्ने, आफ्नो पसल अगाडि आफैं सरसफाइ गर्ने सुझाव दिएको छ ।

बजार सरसफाइ गरेपछि सुन्दर देखिएको छ । सरसफाइ कार्यक्रममा छिनखेतका व्यापारी र अस्थायी प्रहरी पोस्ट छिनखेत प्रहरीहरुको समेत सहभागिता रहेको थियो ।

तरुण दल पर्साको आयोजनामा रक्तदान

महमद सदाब / मध्यान्ह
पर्सा, १५ भदौ

नेपाल तरुण दल पर्साले आयोजना गरेको रक्तदान कार्यक्रम वीरगञ्जमा सम्पन्न भएको छ ।

वीरगञ्जमा रगतको अभावका कारण नेपाल तरुण दल पर्साले रक्तदान कार्यक्रमको आयोजना गरेको हो । उक्त रक्तदान कार्यक्रममा १ सय २२ जनाले रक्तदान गरेका छन् ।

विरगञ्ज माइस्थान मन्दिर परिसरमा सम्पन्न उक्त कार्यक्रममा १ सय ११ जना पुरुष र ११ जना

महिलाले रक्तदान गरेको रक्तसञ्चार केन्द्र वीरगञ्जका कार्यालय सहायक राजन श्रीवास्तवले जानकारी दिए ।

उनका अनुसार विरगञ्जका विभिन्न समुदाय, संघ संस्थाका महिला र पुरुषहरुले रक्तदान गरेका थिए ।

नेपाल तरुण दल पर्साका अध्यक्ष विकास तिवारीको अध्यक्षतामा भएको कार्यक्रममा मधेश प्रदेशका भूमि, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्री, नेपाली कांग्रेस पर्साका उपसभापति रामनारायण कुर्मी, प्रवक्ता रमेश पाण्डे, वीरगञ्ज महानगरपालिकाका उपमेयर इम्तियाज आलम, पूर्व उपमेयर शान्ति कार्की लगायतको उपस्थिति रहेको थियो ।

ओलीको...

थिए । बंगलादेशमा विद्यार्थीहरूको आन्दोलनबाट सत्ता परिवर्तन भएको छ । यसलाई स्मरण गर्दै प्रचण्डले दुईतिहाई बहुमत छ भनेर घमण्ड नगर्न भनेका थिए ।

शनिवार प्रधानमन्त्री ओलीले प्रचण्ड लक्षित कडा अभिव्यक्ति दिएका हुन् ।

माओवादी अध्यक्ष प्रचण्डले पुनः समस्या भयो भनेर आफूकहाँ नआउन कांग्रेस र एमालेलाई भनेका थिए । जवाफमा प्रधानमन्त्री ओलीले सत्ता गठबन्धनमा कार्यकाल नै तोकेर अगाडि बढेकाले भ्रम नर्छन आग्रह गरे ।

आफ्नो प्रधानमन्त्रीको कार्यकाल एक वर्ष १० महिना १५ दिन मात्रै बाँकी रहेको बताए । उनले त्यसभन्दा हप्ता दिन अगाडि नै प्रधानमन्त्री पद छोड्ने पनि बताए । उनले आफूलाई बढी प्रधानमन्त्री पद खाने भन्दा पनि समयमै हस्तान्तरण गरौं भन्ने लागिरहेको सुनाए ।

‘मलाई मन नपराउनेहरूका लागि म खुशीको खबर भन्दिनँ चाहन्छु, अब मेरो यसपल्ट प्रधानमन्त्रीको कार्यकाल एक वर्ष १० महिना १५ दिन मात्रै बाँकी छ । त्योभन्दा पनि अलि हप्तादिन अगाडि नै छोड्छु भनेको छु । बढी खाउँ भन्ने होइन कि बरु समयमै हस्तान्तरण गरौं भन्ने छ’ ओलीले भने ।

सोही कार्यक्रममा उपस्थित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले वर्तमान सरकारमाथि संकट नरहेको बताए । बरु वर्तमान सरकार बन्नुमा क्याप्टेन रामेश्वर थापाको ठूलो हात रहेको भनेर प्रसंसा गरे ।

‘ओलीजी र मेरोबीचमा नजिक ल्याउने काममा, यो गठबन्धन बनाउने काममा उहाँको धेरै ठूलो योगदान छ, धेरै ठुलो मद्दत गर्नुभएको छ’, सभापति देउवाले भनेका छन् ।

द्वन्द्वकालमा नेपाली सेनाको एमआई १७ हेलिकप्टरका प्रथम इन्स्ट्रक्टर क्याप्टेन रामेश्वर थापाको युद्धस्थलका उद्धार भोगाइ एवं अनुभूतिमा आधारित अंग्रेजी पुस्तक ‘इन्टु द फायर’ एक समारोहका बीच विमोचन भएको हो ।

प्रधानमन्त्री ओली, सभापति देउवा र बाल गुरु आदित्यनाथले पुस्तकको लोकार्पण गरेका हुन् ।

प्रधानमन्त्री ओली र सभापति देउवाले नेपालको शान्ति प्रक्रिया, राजनीतिक स्थिरता र विकासका लागि थापाले आफ्नो ज्यान जोखिममा राखेर पनि महत्त्वपूर्ण पहल गर्दै आएको भन्दै प्रशंसा गरेका हुन् ।

नेपालमा...

फरार हुने घटना बढिरहेका छन् । योग्यता र क्षमता नभएपनि जसरी भएपनि युरोप र अमेरिका छिर्न चाहने युवालाई नेपाल र भारतमा ठगी गर्ने गिरोहको सञ्जाल रहेको दूतावास स्रोतको भनाइ छ ।

सेटिङमा नेपालीलाई हाउसमेडमा लैजाने प्रवृत्ति व्यापक भएपछि दूतावासले दिल्लीबाट कामदार र भिजिट भिसामा खाडीका मुलुकमा जानेका लागि दिने ‘नो अब्जेक्सन’ सर्टिफिकेट अनिवार्य गरेको छ । तर कतिपयले सेटिङमा १५ हजार भारतीय रूपैयाँमा नोअब्जेक्सन लेटर बनाइ खाडी मुलुक उडाउने गरेकाले दूतावासको कडाइ सोझासिदाका लागि मात्रै भएको टिप्पणी गर्ने गरेका छन् । अनिवार्य नोअब्जेक्सन लेटरको नियमबाट तेस्रो मुलुक जान पाउने केही सही व्यक्तिसमेत पीडित भइरहेको उनीहरूको भनाइ छ ।

भारतमा ह्वाट्सएप र भाइबरका माध्यमले मात्र चिनेका दलाललाई नेपालीले रकम बुझाउने हुँदा नक्कली भिसाको कारोबार बढेको दूतावासका ती अधिकारी बताउँछन् । फेसबुकमा नक्कली आइडी बनाएर युवतीहरूलाई माया तथा विवाह गर्ने प्रलोभन देखाएर पनि ठगी गर्ने गरिएको उनको भनाइ छ ।

दिल्लीमा दलालले अलपत्र पारेपछि कतिपय नेपालीलाई खाने तथा बस्ने समस्या हुने र उनीहरूले आफ्नो जीवन बचाउन अरूलाई ठग्ने गरेकोसमेत देखिएको बताइएको छ ।

Mahabu Rural Municipality
Office of the Rural Municipal Executive
Gaidabaj, Dailekh
Karnali Province, Nepal

Invitation for Bids/Sealed Quotation

First Date of Publication: 2081/05/16 (September 01, 2024)

1. Mahabu Rural Municipality invites electronic bids from Nepalese eligible bidders/suppliers for the construction/purchases of below listed execution of works/goods under National Competitive Bidding procedures.
2. Eligible Bidders/suppliers may obtain further information and purchase the bidding documents at the office of Mahabu Rural Municipality on the submission of a written application, along with the copy of company/firm registration certificate, tax clearance certificate and upon payment of a non-refundable fee indicated below during office hours.
3. Bidder shall have the option of submitting their bids" by electronic only". [may visit PPMO website www.bolpatra.gov.np.]
4. The Bidder shall be required to deposit the non-refundable fee in the Internal Revenue account as specified below and electronic scanned copy (pdf format) of the Bank deposit voucher shall also be submitted along with the electronic bid files.
   Information to deposit the cost of Bidding Document in Bank:
   Name of Bank: Kumari Bank Limited Branch Mahabu Dailekh.
   Name of office: Mahabu Rural Municipality, Gaidabaj Dailekh.
   GA.1.1 ANTARIK RAJASWA KHATA: 2740247818600008
5. For bid security (for cash deposit only) amount Bank description: Name of Bank: Kumari Bank Ltd Mahabu Branch. Account no. 2740247818600004 Name of account: GA3 DHARAUTI KHA-MAHABU GAUPALIKA.
6. Matters not covered in this notice and other Procurement process remains as per rule of Public Procurement act 2063 and Regulations 2064.
7. The purchaser reserves the right to accept or reject, wholly or partly or all the bids without assigning any reason, whatsoever.
8. For detail: contact in the office directly or through mail: mahabugaupalika74@gmail.com. or call 9858074603
9. The name and identification of the contracts are as follows:

Identification No.	Description of Works	Estimated Amount (Without VAT, PS and Contingencies) (NRs)	Cost of Bidding Documents (NRs)	Bid Security Amount (NRs)	Validity Of Bid documents/ Bid Security (NRs)	Last Date and time of Bid Submission	Bid opening Date and Time
MRM/SQ/ Goods/ 01/2081-082	Purchases of Goods.	17,69,908/-	1,000/-	50,000/-	45 days after bid opening	2081/05/31 12:00 PM	2081/05/31 14:00 PM
MRM/NCB/ works/ 02/2081-082	Ward Office Building Construction Mahabu-4, Dailekh.	1,08,56,232.15/-	3,000/-	3,20,600/-	120 days after bid opening	2081/06/15 12:00 PM	2081/06/15 14:00 PM
MRM/NCB/ works/ 03/2081-082	Community Health Unit Takuri Building Construction Mahabu-6, Dailekh.	33,52,088.83/-	3,000/-	1,00,200/-	120 days after bid opening	2081/06/15 12:00 PM	2081/06/15 14:00 PM

Chief Administrative Officer

कर्णालीले २०८४ मा रास्वपालाई सबैभन्दा बढी मत दिन्छ : रवि लामिछाने

कुलेन्द्र शाही/मध्यान्ह
सुर्खेत, १५ भदौ

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवम् पूर्वगृहमन्त्री रवि लामिछानेले आगामी २०८४ को चुनावमा कर्णालीले आफ्नो पार्टीलाई सबैभन्दा बढी मत दिने दाबी गरेका छन्। शनिबार कर्णाली विशेष अभियानअन्तर्गत कर्णाली प्रदेश भेलालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन्।

'कर्णालीले एक पटक होइन पटक-पटक नेताहरुलाई जिताएर सिंहदरबार पठाएको छ,' उनले भने, 'कसले जित्यो कसले हार्‍यो त्यो थाहा छैन। तर कर्णालीले जितेन, सधैं हार्‍यो, त्यसैले आगामी चुनावमा रास्वपालाई कर्णालीले सबैभन्दा बढी मत दिएर जिताउँछ।' सभापति लामिछानेले राजनीतिमा आँट, तागत र ढंग यी तीन कुरा हुन आवश्यक रहेको जिकिर गरे। उनले आफूहरु आगामी निर्वाचनमा पुराना नेताहरुलाई स-सम्मान साथ बिदा गर्ने बताए।

'तपाईहरुको यो नै अन्तिम भोज हो जे जति छ खानु, आगामी ०८४ बाट तपाईंहरुलाई हामीले स-सम्मानका साथ बिदाइ गर्छौं,' उनले भने। अहिलेको सरकार अनुभव र लुटेराको संगत भएको उनको आरोप छ। सभापति लामिछानेले आगामी निर्वाचनमा सबै पार्टी एक हुँदा पनि रास्वपा एक्लै चुनाव लड्न तयार रहेको दाबी गरे। पुरानो राजनीतिलाई बन्द गर्न रास्वपा उत्पन्न भएको उनको भनाइ छ। उनले विकासमा कर्णालीलई सधै उपेक्षामा पारेको बताए।

'विकासमा कर्णाली छुट्यो,' उनले भने, 'तर कर्णालीले चुनेर पठाएका एकएकका परिवारको गोरु बेचेको साइनो परेको मान्छे सबैलाई पुगेको छ, कोही छुटेको छैन।' लामिछानेले पुराना नेताहरुले जितेर कर्णालीले के पायो भन्दै प्रश्न गरे। उनले आगामी ०८४ को चुनावमा घण्टी चिह्न बोक्दैमा कोही कसैले सजिलै जित्न नसक्ने बताए। उनले भने 'घण्टी चिह्न बोक्न बित्तिकै जित्न सजिलो छ भन्ने लागेको छ होला, त्यति सजिलो छैन, तपाईं घण्टीसँगै जिम्मेवारी, जनताको एजेण्डा बोकेर पूरा गर्नुहोस् अनि तपाईंले जित्नुहुन्छ।' उनले पुरानो राजनीतिलाई बन्द गर्न रास्वपा उत्पन्न भएको बताए।

लामिछानेले सरकारमा गएर गाली खाई खाई धेरै कुरा सिक्ने अवसर पाएको बताए। 'अहिले सबैले सरकारमा किन सहभागी भएको भनेर गाली गर्नुहुन्छ,' उनले भने, 'गाली गर्नुहुन्छ ठिक छ, गाली गर्नुहोस् हामीले सरकारमा सहभागी भएर गाली खाइ खाइ धेरै कुरा सिक्ने अवसर पाएका छौं।'

ताप्लेजुङ पाथीभरा सेवा समाज कतारको अध्यक्षमा खड्का सर्वसम्मत चयन

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १५ भदौ

ताप्लेजुङ पाथीभरा सेवा समाज कतारको आठौं अधिवेशन सम्पन्न भएको छ। समाजका अध्यक्ष दुर्गा प्याकुरेलको अध्यक्षता तथा गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद् कतारका अध्यक्ष रमेश भट्टको प्रमुख आतिथ्यतामा दुई चरणमा सम्पन्न अधिवेशनको बन्द सत्रबाट कुमार खड्काको अध्यक्षतामा सर्वसम्मत नयाँ कार्यसमिति चयन भएको छ।

कार्यसमितिको वरिष्ठ उपाध्यक्षमा गोपाल खतिवडा, उपाध्यक्षमा दुर्गा गुरुङ, महिला उपाध्यक्षमा शिला गुरुङ, महासचिवमा सागर तुम्बाहाम्फे, सचिवमा विवश लिम्बू र केदार पौडेल, कोषाध्यक्षमा प्रकाश गुरुङ, सह कोषाध्यक्षमा चन्द्र पतङ्वा रहेका छन्। त्यस्तै कार्यसमिति सदस्यहरूमा गणेश खड्का, टीकाराम गुरुङ, सी.पी गुरुङ, खगेन्द्र सेन्दाङ, पासाङ लामा, दीपक प्रसाईं, योग्य कार्की र पासाङ सेर्पा रहेका छन्। नव कार्यसमितिलाई निर्वाचन समिति संयोजक राजेन्द्र समेखामले पद तथा गोपनीयताको शपथ ग्रहण गराएका थिए।

अधिवेशनको खुला सत्रमा आफ्नो शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथि भट्टले केही समय सुस्ताए जस्तो देखिए पनि ताप्लेजुङ समाज अग्रणी संस्था बन्ने विश्वास गरे। उनले ताप्लेजुङ विश्वकै मनोरम हिमशृंखला भएको र धार्मिकरूपमा पनि पवित्र जिल्ला रहेको बताउँदै एनआरएनए एनसीसीसँगको सहकार्य निरन्तर रहने विश्वास व्यक्त गरे।

गोपाल खतिवडाले स्वागत मन्तव्य राखेको अधिवेशनमा मौसमी गुरुङ, सोनी आले मगर, सोनीया गुरुङ र गङ्गा राईले स्वागत नृत्य पेस गरे। अधिवेशनमा लिम्बू जातिहरूमा विशेष र शुभकार्यमा नाचिने केवाङ (च्याब्रुङ) नाच पेस गरिएको थियो। राजेन्द्र साम्याङखाम, चन्द्र पताङ्वा, जेल्सी सुब्बा, निलास लिम्बू, निरु लिम्बू, राधा लिम्बू, बिरेन मादेन, कविता मादेन र सुजन लिम्बूले च्याब्रुङ नृत्य गरेका थिए भने सुष्मा भुजेलले आफ्नो सांगीतिक प्रस्तुति दिइन्।

कतारमा स्थापित विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिसहित शुभकामना मन्तव्य राखेका थिए। वक्ताहरूले धार्मिक पवित्रस्थल पाथीभरासहित डा सन्दुक रुईत जन्मेको जिल्ला भन्दै पूर्वको अति प्रसिद्ध रहेको बताए। ताप्लेजुङ आफैंमा बहुभाषी बहुजाति र बहुसंस्कृतिको धनी जिल्ला रहेको हुँदा समाजले पर्यटन प्रवर्द्धनका क्षेत्रमा काम गर्न समेत सुझाव दिएका थिए।

समाजका महासचिव कुमार खड्काले सहजीकरण गरेको अधिवेशनको खुला सत्रको समापन गर्दै अध्यक्ष प्याकुरेलले नयाँ बन्ने कार्यसमितिलाई शुभकामना दिँदै थप सशक्त बनेर अगाडि बढ्न सुझाव दिँदै कार्यकाल सफल बनाउन सहयोग गर्नेहरूप्रति आभार व्यक्त गरे।

सडक पूर्वाधार कार्यालय अर्घाखाँचीका ९१ योजना सम्पन्न

सुर्य प्रसाद भुसाल/मध्यान्ह
अर्घाखाँची, १५ भदौ

पूर्वाधार विकास कार्यालय अर्घाखाँचीले गत आर्थिक वर्ष जिल्लाभर १३.९७ किलोमिटर सडक कालोपत्रे सम्पन्न गरेको छ।

जिल्लामा आर्थिक वर्ष २०८०/०८१ मा सडक पूर्वाधार कार्यालयले आफू मातहतका विभिन्न सडक योजना अन्तर्गत १३.९७ किलोमिटर सडक कालोपत्र गरिएको पूर्वाधार विकास कार्यालय अर्घाखाँचीका डिभिजन इन्जिनियर गोपीराज पुनले जानकारी दिए। पूर्वाधार कार्यालय अर्घाखाँचीले गत वर्ष ११.४८ किलोमिटर नाली निर्माण गरेको डिभिजन प्रमुख पुनको भनाइ छ। यस्तै ठूला २ वटा मोटरेबल पुल निर्माण सम्पन्न गरेको पुनले मध्यान्हलाई जानकारी दिए।

सडक पूर्वाधार कार्यालय अर्घाखाँचीले जिल्लाभर १० वटा कलभर्ट/कजवे निर्माण गरेको समेत डिभिजन इन्जिनियर पुनले दाबी गरे। यस्तै १ वटा लामा तालमा झोलुङ्गे पुल निर्माण गरेको कार्यालय प्रमुख पुनले बताए। गत वर्ष सडक पूर्वाधार विकास कार्यालयले सडक निर्माण, मोटरेबल पुल, झोलुङ्गे पुल, कलभर्ट निर्माणसहितका वहुवर्षीय ठेक्का लगायतका योजनाहरु समेत यस वर्ष धेरै सम्पन्न गरेको पुन बताउँछन्।

अर्घाखाँची जिल्लामा सडक पूर्वाधार कार्यालयले जिल्लाभर १८.४८ किलोमिटर सडक निर्माण विस्तार चौडा गर्ने काम सम्पन्न गरेको छ भने जिल्लाभर ३९.३२ किलोमिटर सडक ग्राभेल समेत सम्पन्न भएको छ । जिल्लाका विभिन्न ठाउँहरुमा मोटरेबल पुल निर्माण भएसँगै स्थानीय बासिहरु आफुहरुलाई आवतजावतमा गर्न सहजता भएको भन्दै निकै हर्षित बनेका छन्। पूर्वाधार विकास कार्यालय अर्घाखाँचीले विभिन्न ठाउँहरुमा पुल निर्माण गरेको हो। निर्माणका कामहरु सुस्त गतिमा हुने गरेको भन्ने गुनासो रहने गरेका वहुवर्षीय ठूला सडकहरुको काम कालोपत्रे अन्तर्गत पर्ने विभिन्न ठाउँका योजनाहरु अहिले तीव्र गतिमा शुरु भएका छन्। केही अधुरा योजनाहरुको काम पनि शुरु हुनुलाई सकारात्मक विषय भएको सन्धिखर्क नगरपालिका वडा नम्बर ६ का स्थानीयबासी भानु पराजुलीले बताए।

कतिपय योजना समयमा नसकिँदा समस्या हुने गरेको देखिन्छ, तर गरे असम्भव हुँदो रहेछ भन्ने सकारात्मक उदाहरण केही योजना देख्दा स्पष्ट भएको पराजुलीले प्रतिक्रिया दिए ।

पुन कार्यालयमा हाजिर भएपछि कामले तीव्रता लिएको कर्मचारी गोबिन्द श्रेष्ठले भने, 'कार्यालय प्रमुख आफैं फिल्डमा आउँछन्। नभनि हामीले फिल्ड छोड्न पाउँदैनौं। हामी त अहिले फिल्ड बसेर काम गराउन बाध्य छौं।'

कार्यालय प्रमुख पुनले सडकको वहुवर्षीय ठेक्का सम्झौता गर्ने तर काम नगर्ने लम्बाउने व्यवसायी कम्पनीलाई पनि काम गर्न अनुरोध गर्दै कार्यालयबाट सबै सहयोग गर्न तयार रहेको व्यहोराको पत्र पठाइ ताकेता गरी काम सुचारु गराउन शुरु गरेका छन्। कार्यालयका कर्मचारीबाट पटक-पटक ताकेता भएपछि बाध्य भएर कामलाई द्रुत रुप दिन आफुहरु बाध्य भएको व्यवसायी सहिदिन मिया बताउँछन्।

उनी भन्छन्, 'यस्ता कार्यले अन्य सुस्त योजनालाई समेत समयमा सम्पन्न गर्न ऊर्जा थप्ने गरेको छ। कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा भौतिक प्रगति ८० प्रतिशत र वित्तीय प्रगति ७७ प्रतिशत भएको छ भने जिल्ला भरका ९१ सडक योजनाहरु सम्पन्न भएका छन्।

मध्यान्ह राष्ट्रिय दैनिकको तिज विशेष कार्यक्रम सम्पन्न

काठमाडौं/मस- मध्यान्ह राष्ट्रिय दैनिकले शनिबार तिज विशेष कार्यक्रम सम्पन्न गरेको छ। मध्यान्ह राष्ट्रिय दैनिकको कार्यालय परिसरमै 'तिज शुभकामना आदान-प्रदान कार्यक्रम २०८१' आयोजना गरिएको हो।

कार्यक्रममा मध्यान्ह राष्ट्रिय दैनिकका महिला कर्मचारी, पुरुष कर्मचारीका परिवार र विज्ञापनदातालगायतको उपस्थिति रहेको थियो। साथै सो अवसरमा दर खाने तथा नाचगान समेत गरिएको थियो। मध्यान्ह राष्ट्रिय दैनिककी प्रकाशक सीतादेवी श्रेष्ठले सहभागी सम्पूर्ण दिदी बहिनीलाई स्वागत गर्दै सौभाग्यको चुरा, टिका र पोते दिएर शुभकामना साटासाट गरेकी थिइन्।

भाद्र शुक्ल द्वितीयादेखि भाद्र शुक्ल पञ्चमीसम्म चल्ने चार दिनको यो पर्वलाई स्वतन्त्रता र आनन्दमय उल्लासको रुपमा लिइन्छ। विशेषतः भगवान शिवकै पूजा र आरधाना गरी मनाइने हरितालिका तिजको व्रतले पतिको आयु, आरोग्य, ऐश्वर्य तथा स्वस्थ्य राम्रो र सम्मुनत हुने विश्वास परापूर्वकालदेखि नै रहि आएको छ।

स्वयं पार्वतीले शिवलाई पति पाउँ र शिवको स्वास्थ्य, आयु एवम् ऐश्वर्यमा कुनै बाधा नपुगोस् भन्ने दृढ चाहना राखेर व्रत उपासमा गरेकाले सोही प्रसंगले निरन्तरता पाइरहेको विश्वास व्रतालु एवम् धर्मालम्बीहरुमा रहेको छ।

बाँकेमा तिजको रौनक : भड्किलो नबनाउन जोड

नेपालगञ्ज/मस- बाँकेको विभिन्न भागमा एक सातादेखि हरितालिका तिजको रौनक छाएको छ। नेपाली नारीहरुको साँस्कृतिक पर्व तिजको अवसरमा जिल्लास्थित विभिन्न राजनीतिक दल, वर्गीय संगठन, सामाजिक संघ संस्थाहरुद्वारा शुभकामना आदान-प्रदान तथा चेलीबेटीहरुलाई दर खुवाउने कार्यक्रमहरुको आयोजना गरिएको हो।

सोही अवसरमा नेपाल कम्युनिष्ट पार्टी एमाले नेपालगञ्ज उपमहानगरपालिका १२ नम्बर वडा कमिटीको आयोजनामा वडाका चेलीबेटीहरुलाई सहभागी गराइ तिजको शुभकामना आदान-प्रदान, चेतनामूलक गीत नृत्य प्रदर्शन तथा दर खुवाउने कार्यक्रम सम्पन्न भएको छ।

वडा नं. १२ कमिटीका अध्यक्ष प्रदीप सापकोटाको अध्यक्षता तथा केन्द्रीय सदस्य एवं बाँके जिल्ला इञ्चार्ज शान्ति ढकालको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यक्रममा बाँके जिल्ला अध्यक्ष निरक गुरुङ, लुम्बिनी प्रदेश सदस्य मिना ढकाल, हिरा खराल, जिल्ला कमिटी सदस्यद्वय कृष्ण कुमार थापा, अनिता थापा, नगर अध्यक्ष मोहित शाह, वडा नं. १२ कमिटीका निवर्तमान अध्यक्ष जनक राम भण्डारी लगायत जिल्ला तथा नगर कमिटीका नेता तथा कार्यकर्ताहरुको सहभागिता रहेको थियो।

सो कार्यक्रममा प्रमुख अतिथि शान्ति ढकाल, प्रदेश सदस्य मिना सुवेदी ढकाल, जिल्ला अध्यक्ष निरक गुरुङले तिजको शुभकामना व्यक्त गर्दै महिलाहरुको महत्वपूर्ण पर्व तिज पर्व भड्किलो नबनाएर आफ्नो गच्छे अनुसार साँस्कृतिक परम्परा र संस्कृति जोगाउनु पर्ने बताए। वडा कमिटीका अध्यक्ष प्रदीप सापकोटाले दिदी बहिनीहरुको आपसमा भेटघाट र दुःख सुख बाढ्ने तथा मौलिक संस्कृतिका तिज गीत गाएर महिलाहरुले नृत्य गरिएको बताए। कार्यक्रममा वडा नं. १२ मा बसोवास गर्ने करिब एक सय जना महिलाहरू सहभागी थिए।

बुंगल नगरपालिकाको सार्वजनिक सुनुवाइ : स्थानीयको गुनासै गुनासो

सत्यराज सिंह/मध्यान्ह
बझाङ, १५ भदौ

बझाङको बुंगल नगरपालिकाले विषयगत शाखा र समग्र स्थानीय तहले प्रवाह गरेका सार्वजनिक सेवा प्रभावकारिताका विषयमा सार्वजनिक सुनुवाइ सम्पन्न गरेको छ।

बुंगल नगरपालिकाको आयोजना तथा नेपाल पत्रकार महासंघ बझाङको सहजीकरणमा शनिबार सरस्वती माध्यमिक विद्यालयको प्राङ्गणमा गत आर्थिक वर्ष २०८०/८१ को दोस्रो सार्वजनिक सुनुवाइ गरेको हो।

कार्यक्रममा सेवाग्राही, नागरिक समाज, राजनीतिक दल, विषयगत कार्यालयहरुको प्रमुख एवं प्रतिनिधिको उपस्थिति रहेको थियो।

आर्थिक वर्ष २०८०/०८१ को दोस्रो सार्वजनिक सुनुवाइमा नगरपालिकाले गरेका सार्वजनिक सेवाको प्रभावकारिताको सम्बन्धमा नागरिकहरुले आफ्नो गुनासो, प्रतिक्रिया र सुझावहरुसहित बहस गरिएको थियो।

कार्यक्रममा बुंगल नगरपालिकाका निमित्त प्रमुख प्रशासकीय अधिकृत नरेश कुंवरले गत आर्थिक वर्षमा नगरपालिकाबाट भए गरेका कामको जानकारी गराएका थिए। उनले गत आर्थिक वर्षमा विनियोजित ६९ करोड ५४ लाख ६१ हजार ५ सय ४० मध्ये ६० करोड ८८ लाख ४९ हजार ७ सय ९१ खर्च गरिएको प्रतिवेदन प्रस्तुत गरेका थिए।

निमित्त प्रमुख प्रशासकीय अधिकृत कुंवरले संस्थागत व्यवस्थापन तथा सुशासन सम्बन्धिका कार्यहरु पालिकाका कर्मचारीको अवस्था, स्वास्थ्य क्षेत्रको उपलब्धि, न्यायिक समिति, बालबालिका उद्यम विकासका क्षेत्रहरुमा भएका विकासका कार्यहरु प्रस्तुत गरेका थिए ।

कार्यक्रममा नगरपालिकाको मुख्य उपलब्धिमा प्रशासकीय भवन निर्माण कार्य सम्पन्न, सडकको स्तरोन्नति, खानेपानी, सांस्कृतिक सम्पदाको निर्माण, विपद व्यवस्थापन तथा मानव विकास सम्बन्धिका विभिन्न तालिम गोष्ठी गरेको उपलब्धिका रुपमा सार्वजनिक गरेका थिए।

सार्वजनिक सुनुवाइका रुपमा मुख्य समस्याका रुपमा पालिकाले योजना छनोट तथा कार्यान्वयन, उपभोक्ता समिति गठन तथा परिचालन, कर्मचारी दक्षताको अभाव, काम गर्ने वातावरण नहुनु, भौतिक कठिनाइ जस्ता समस्या रहेको उल्लेख गरेका थिए।

कार्यक्रममा नागरिकले बैंक सेवाबाट स्थानीयले पाएको सास्ती, सार्वजनिक यातायातका साधानको भाडा निर्धारण, शिक्षक कर्मचारी दरबन्दी मिलान र नगरपालिकाले प्रवाह गरेका सेवा सुविधाको बारेमा गुनासो राखेका थिए।

नागरिकहरुबाट प्राप्त भएका गुनासोहरुको सम्बोधन जवाफदेही वक्ताको रुपमा नगरप्रमुख जय बहादुर धामी, उपप्रमुख धनबहादुर बोहरा निमित्त कार्यकारी अधिकृत नरेश कुंवर र विषयगत कार्यालयका प्रमुख रहेका थिए। सार्वजनिक सुनुवाइ कार्यक्रम पश्चात उठेका गुनासो प्रतिक्रिया र सुझावहरुलाई सम्बोधन गर्दै जवाफदेही वक्ताहरुले नगरपालिकाको योजना तथा कार्यक्रमहरुलाई चुस्त दुरुस्त रुपमा सञ्चालन गर्नको लागि नगरपालिका सधैं चनाखो रहेको बताएका छन्।

शान्ति सुव्यवस्था कायम गर्ने प्रतिबद्धता गर्नुका साथै लक्षित वर्गको लागि विनियोजन गरिएको रकम लक्षित वर्गमा नै खर्च गर्ने, स्वस्थ प्रतिष्पर्धाका आधारमा कर्मचारि नियुक्ती गर्ने, लगायतका सार्वजनिक प्रतिबद्धताहरु गरिएको थियो।

कार्यक्रममा गुनासो, सुझाव र प्रश्नकर्ताहरुले नगरपालिकाको विकासमा लाग्न जनप्रतिनिधिलाई आग्रह गर्दै नगरको हित विपरित काम गरे राम्रो नहुने बताएका थिए। कार्यक्रममा बोल्दै नगर प्रमुख धामी र उपप्रमुख बोहराले बिग्रिएका कुराहरूलाई सुधार्दै आगामी दिनमा नगरपालिकाको विकास र जनसेवामा निरन्तर लागि राख्ने प्रतिबद्धता गरेका थिए।

Vacancy Announcement
A leading foreign recruitment agency is seeking the following position urgently.
PRO - 4 (Male/Female)
Preferable with job experience in related field of manpower.
SALARY - NEGOTIABLE
ELITE GURKHAS OVERSEAS (P) Ltd.
श्रम इजाजत पत्र नं. ५३५।०६१।०६२
Elite Gurkhas Overseas (P) LTd.
Gongabu Town Palnning -29, Kathmandu, Nepal.
फोन: ०१-४९७५५६७, ४९७५५६८, मोबाइल : ९८५१०१०६०४
Email: proelitegurkhas@gmail.com

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१६ भदौ २०८१, आइतबार
1 September 2024, Sunday

सम्पादकीय

उत्सवयोग्य उपलब्धि

शुक्रबार राति पेरिस पाराओलम्पिकमा नेपालकी पलेशा गोवर्धनले कीर्तिमानी कांस्य पदक जितेकी छन् । पलेशाले जितेको यो पदक नेपालले अहिलेसम्म जितेको सवैभन्दा ठूलो उपाधि हो । पलेशाले के ४४ क्याटेगोरी अन्तर्गत महिला ५७ केजी मुनिको विधामा कीर्तिमानी कांस्य पदक जितेकी हुन् । उनले कीर्तिमानी जित निकाल्दा सर्बियाकी मारिया मिसेभलाई १५–८ ले पराजित गरेकी थिइन् । पलेशाको जितसँगै ओलम्पिकमा नेपाल सहभागी मात्र हुने देशको प्रवृत्ति तोडिएको छ । पलेशाले पदक जित्नु अघिसम्म नेपालले ६ दशकदेखि ओलम्पिकमा सहभागिता मात्र जनाउने गरेको थियो । ओलम्पिक नेपालका पदाधिकारीहरू आफैले पनि उपाधि जित्न नसकिने स्वीकार्ने गरेका थिए । अन्तर्राष्ट्रिय सञ्चार माध्यमहरूमा यसपटक पनि पदक जित्न कठिन रहेकाले सहभागितामै चित्त बुझाउने नियतिमा रहेको प्रतिक्रिया दिएका थिए ।

तर पलेशाले नेपालको नियति बदलेकी छन् । यसअघि तेक्वान्दोमा विधान लामाले जितेको अनअफिसियल कांस्य पदकको कीर्तिमानमा थप खुशी दिएकी छन् । पलेशाले नेपाललाई दिएको खुशीको मानक उनले पाउने पुरस्कारको राशीबाटै थाहा पाउन सकिन्छ । राष्ट्रिय खेलकुद विकास नियमावली २०७९ अनुसार पलेशाले ६५ लाख पुरस्कार पाउनेछिन् । यो नियमावली अनुसार ओलम्पिक खेल, ग्रीष्मकालीन/शीतकालीन/पारा/विशेष तथा विश्वकप फुटबलमा कांस्य जित्ने खेलाडीले ६५ लाख पाउनेछन् । रजत जित्नेले ९७ लाख र स्वर्ण विजेताले एक करोड ३० लाख पाउनेछन् । पलेशाकी प्रशिक्षक कविराज नेगी लामाले ५ लाख र नेपाल तेक्वान्दो संघले ११ लाख ७० हजार पुरस्कार पाउनेछन् ।

प्रधानमन्त्री केपी शर्मा आली सहित शीर्ष नेताहरूले शनिबार सामाजिक सञ्जालबाट पलेशालाई बधाइ दिएका छन् । खेल र अरू क्षेत्रमा आवद्धहरूले पनि पलेशाको कीर्तिमानी जितमा खुशीयाली मनाएका छन् । पलेशाको उपलब्धि उत्सवयोग्य नै हुन् । किनकि उनले संसारभर पदक मार्फत् नेपाल चिनाउने काम गरेकी छन् । तर राज्यका नेतृत्वमा रहनेहरूको दायित्व भने उत्सव मनाउने र बधाइ लेख्नेले मात्र पुग्दैन । पलेशाले खोलेको बाटोमा अरूलाई पुऱ्याउने बातावरण सिर्जना गर्नु राज्यको मूल चुनौती हो । त्यसका निम्ति खेल क्षेत्रमा लाग्नेहरूको भविष्य सुनिश्चित गरिनुपर्छ । भौतिक पूर्वाधारको विकास महत्वपूर्ण हो । भौतिक पूर्वाधार र खेलाडीको भविष्य भन्दा बढी आवश्यक कुरा खेल मनोविज्ञान हो ।

तपाईंको राशिफल

मेष :	शत्रु सक्रिय हुनेछन् । नयाँ सम्पर्क बढ्नेछ ।
वृष :	शत्रु परास्त हुनेछन् । अनावश्यक खर्चको योग छ ।
मिथुन :	वाणी संयम राख्नुहोला । यात्राको योग छ ।
कर्कट :	नयाँ सम्पर्क हुनेछ । पराक्रममा वृद्धिको योग छ ।
सिंह :	आध्यात्मिक यात्रा हुने योग छ । व्यापारमा वृद्धि हुनेछ ।
कन्या :	खर्च माथि नियन्त्रण राख्नुहोला । धार्मिक कार्यमा सहभागिता बढ्नेछ ।
तुला :	जग्गा खरिद हुने योग छ । व्यापारिक प्रगति राम्रो हुनेछ ।
वृश्चिक :	वाहन सावधानी जरुरी छ । धार्मिक कार्यमा सहभागी हुने योग छ ।
धनु :	दाम्पत्य जीवन सुखमय हुनेछ । शैक्षिक कार्यमा प्रगति हुनेछ ।
मकर :	आय वृद्धि हुनेछ । राजनैतिक कार्यमा रोकावटको योग छ ।
कुम्भ :	तनाव बढ्नेछ । उन्नतिको मार्ग प्रशस्त हुनेछ ।
मीन :	सम्मानमा वृद्धि हुनेछ । विद्यार्थीहरूको लागि समय अनुकूल छ ।

आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरु)
इन्टरनेशनल एस्टोलोजिकल फोरम ।
सानेपा, काठमाडौं, नेपाल,
फोन : ९८४१५९२५५२,
इमेल : dhruvswamig@gmail.com

भाषिक औपनिवेशिकता र मेषीदण्ड

गोर्खाली राज्यको विस्तार केवल भूमिको फैलावट मात्रै थिएन, राज्यको विस्तार सँगसँगै गोर्खाली औपनिवेशिकरणको सूत्रपात थियो । यो औपनिवेशिकरणको मुख्य हतियार खस भाषा र संस्कृति थियो ।

अग्रलेख

● निष्णु थिङ

नेपाल र तिब्बतबिचमा पटक-पटक युद्धहरू भएका थिए । इतिहासलाई केलाउँदा, पहिलो सन् १७८८, दोस्रो १७९१ र तेस्रो सन् १८५५ मा युद्ध भएको पाइन्छ । यद्यपि, सबै युद्धहरू सन्धिमा आएर टुगिंएको पाइन्छ । केरुङ सन्धि (सन् १७८९), बेत्रावती सन्धि (सन् १७९२) र थापाथली सन्धि (सन् १८५५) युद्ध पश्चात् भएका सन्धि हुन् । (स्रोत: नेपाल सरकार तथा सूचना प्रविधि मन्त्रालय) सन् १८५५ मा भएको थापाथली सन्धिमा दश वटा बुँदाहरू उल्लेख छन् । नेपाल पक्षले जितेका हुनाले सन्धिमा तिब्बतमाथि केही शर्तनामा गराएका थिए । सो सन्धिको पहिलो बुँदामै तिब्बत सरकारले नेपाल सरकारलाई प्रति वर्ष १० हजारका दरले दाम बुझाउने उल्लेख छ । (स्रोत: आचार्य, बाबुराम । चीन, तिब्बत र नेपाल । फाइन प्रिन्ट, २०७४, पृ.२९२)

यद्यपि, थापाथली सन्धि पालना गर्न तिब्बत पूर्ण प्रतिबद्ध भएन । तिब्बतले पालना नगरेका कारणले गर्दा श्री तीनका मुख्तियार वा प्रतिनिधि मण्डल तिब्बत सरकारलाई खबरदारी गराउन सोलुखुम्बु हुँदै जान्छ । तिब्बतले थापाथली सन्धिका सर्तहरू पालना नगरेकोले पुन: युद्ध हुने स्थिति निम्तिन्छ । यसै सिलसिलामा सोलुखुम्बुको खालिङ राईहरूको राप्चा गाउँमा आम भेला गराउँछन् । त्यसमा उनले तिब्बतसित पुन: युद्ध हुने भएकोले आफ्नो सेनालाई सहयोग गर्न उर्दी जारी गर्छन् । सेनाको लागि रसदपानी, वासस्थान र सैन्य सामग्रीहरू ढुवानीलगायतका कामहरू सघाउन जारी गरेको उर्दीमा आफ्नो मातृभाषामा 'मेषी मका सरकार..मेषी' जसको अर्थ हुन्छ, हजुर भन्दै जवाफ फर्काउँछन् । मुख्तियारले मेषी नबुझेर रिसाएर कुर्लिन्छ, 'के हो यो मेषी ? अबदेखि तिमीहरूले मेषी दण्डबापत कर बर्सेनि तिर्नुपर्ने' भन्दै फर्मान गर्छन् । त्यहीँ दिनदेखि त्यहाँका खालिङ मातृभाषीहरूले श्री तीन सरकारलाई सालिन्दा मेषीदण्ड बुझाउनु परेको थियो ।

नेपाल बहुभाषिक मुलुक हो । यहाँ १२७ वटा भाषाहरू बोल्दछन् । (जनगणना, सन् २०२१) विभिन्न सभ्यता भएका समुदायहरूका आ-आफ्नै मातृभाषाहरू छन् । जब गोर्खाली राज्यसत्ताको अभ्यास सुरु हुन थाल्यो, गोर्खा भाषाको विस्तार औपनिवेशिक स्वरूपमा भयो । दरबारमा यहीँ खस भाषा (पर्वते)ले मान्यता पाए र बाँकी अरू भाषाहरूको पराईकरण हुन थाल्यो । यही देशका माटोमा फुलेका विभिन्न मातृभाषाहरूलाई गाइखाने भाषा करार गर्न थाले । राज्यसत्ताको बलमा जर्बजस्ती गोर्खा भाषा प्रकाशिनी समितिमार्फत लाद्न थालियो । अरू मातृभाषाहरू बोल्न प्रतिबन्ध समेत भयो । पश्चिमका खानी क्षेत्रमा काम गरेका मगरहरूलाई सरकारले आफ्नो मातृभाषा बोल्न प्रतिबन्ध लगाइएको थियो । बोलेबापत दण्डित हुने नियम बनाइएको थियो । जसको कारणले गर्दा बागलुङ, प्युठान, गुल्मी, म्याग्दी र पर्वतलगायतका जिल्लाहरूमा अहिले पनि मगर भाषा नबोल्ने ठुला-ठुला बस्तीहरू छन् । सन् २०२१ को जनगणनाको तथ्यांकले पनि लाखौं मगरहरूले आफ्नो मातृभाषा गुमाएको पुष्टि गरेको छ ।

भाषा उपनिवेशिकरणको हतियार

जब श्री ३ सरकारलाई खस भाषा नजानेकै कारणले मेषीदण्ड बर्सेनि बुझाउनु पर्ने हुन्छ । सो राप्चा गाउँमा यो भाषा सिक्नुपर्ने विपत्ति आइलाग्छ । गाउँको तालुक(मुखिया) सुजम्बर खसभाषाको प्रशिक्षक खोज्न पर अर्को जिल्लामा जान्छन् । खस भाषा नजान्दा आफ्नो गाउँले भोग्नु परेको पीडा सुनाउँछन् । एउटा सुरविरे कार्कीसित भेट हुन्छ । सुजम्बरले उनलाई आफ्नो गाउँमा गएर भाषा सिकाउन अनुरोध गर्छन् । त्यहीँ मौकामा, उनले गाउँको तालुक पद पनि आफूलै पाउनु पर्ने, त्यहाँ जग्गा जमिन र बस्न घर सबै सुविधा पाउनु पर्ने माग गर्छन् र सुजम्बरलाई कागज गराउँछन् । उनीसित स्विकार्नु बाहेक कुनै विकल्प हुँदैन । कार्कीको प्रवेशसँगै त्यो आदिवासी खालिङ राप्चा गाउँको उपनिवेशिकरण प्रारम्भ हुन्छ । पहिलो चरणमा, त्यहाँका मानिसहरूका नाम परिवर्तन गरेर हिन्दूकरण र खसआर्यकरण गराउँछन् । दोस्रो चरणमा, गाउँको नाम राम्रो नभएकोले त्यो पनि परिवर्तन गर्छन् । आदिवासी मूल्यमान्यता र सांस्कृतिक परम्परामा बाँचेको त्यो समाजलाई हिन्दूकरण गराउन कार्कीसित एउटा पुरोहित र कपडा सिलाउने सार्की, सहनाइ बजाउने दमाई पनि लगेका हुन्छन् । खस भाषा सिकाएबापत त्यो राप्चा गाउँले उनलाई घर, जग्गा र अरू सबै बन्दोबस्ती गरिदिनु पर्ने हुन्छ । भाषा शिक्षकको रूपमा गएका कार्की परिवारले त्यो गाउँमा शासन चलाउन पनि सुरु गर्छन् । विस्तारै गाउँमा उनकै हुकुम र शानसौकत चल्दै जान्छ । कार्कीको खेतीपाती पनि तिनै खालिङहरूले नि:शुल्कै वर्षभरि गरिदिन पर्छ । कथित उच्च जात र शासन सत्तामा पहुँच र प्रभाव भएकै कारणले विगतमा सिन्धुलीको मरिणको फाँटमा त्यहाँका तामाङ र माझीले त्यहाँका सामन्तका खेतीपाती गर्नेदेखि लिएर बाली थन्क्याउने काम वर्षभरि नै गर्नु परेको थियो ।

जब गोर्खाली राज्यसत्ताको अभ्यास सुरु हुन थाल्यो, गोर्खा भाषाको विस्तार औपनिवेशिक स्वरूपमा भयो । दरबारमा यही खस भाषा (पर्वते)ले मान्यता पाए र बाँकी अरू भाषाहरूको पराईकरण हुन थाल्यो । राज्यसत्ताको बलमा जर्बजस्ती गोर्खा भाषा प्रकाशिनी समितिमार्फत लाद्न थालियो । अरू मातृभाषाहरूलाई बोल्नसमेत प्रतिबन्ध गरियो ।

भाषा शासन र उपनिवेशिकरणको गतिलो हतियारको रूपमा इतिहासमा प्रयोग हुँदै आएको छ । हाम्रो नजिकको छिमेकी देश भारतमा अङ्ग्रेजी भाषाको भूमिका यस्तै रह्यो । पञ्चायतकाल र बहुदल आएपछि पनि काभ्रे, रामेछाप, सिन्धुपाल्चोक लगायत तामाङ बाहुल्य क्षेत्रका गाविसहरूमा नगण्य खस आर्यहरूले प्रधानपञ्च र अध्यक्ष हुने अवसर पाएका थिए । खस भाषा नजानेका तामाङहरूले जिल्लामा गएर विभिन्न निकायमा पहल गर्न मुस्किल हुने भएकोले बरु नेतृत्वमा त्यत्रो तामाङ गाउँमा दुई/चार घर भएका खस आर्यलाई नै अगाडि सार्ने गरेको दृष्टान्त थुप्रै छन् । खस भाषा सरकारी भाषा बनाएपछि त झन् यसले त्यो भाषा नजान्ने मानिसहरूलाई सीमान्तकरण नै गरायो । त्यहीँ भाषा जानेकै कारणले गर्दा खसआर्य समुदायले अहिलेसम्म संरचनागत लाभ प्राप्त गरिरहेका छन् । शासन र प्रशासनमा उनीहरूकै आधिपत्य कायम नै गराउँदै आएको छ ।

वास्तवमा खस भाषा औपनिवेशिकरणले नेपालका अरू भाषाहरूमाथि दमन गर्दै आएको छ । राज्यको एकल भाषिक अहङ्कार र चरित्रले गर्दा गैर खसभाषी समुदायमाथि इतिहासमा थुप्रै अन्याय र विभेदका घटनाहरू घटेका छन् । पञ्चायतकालमा खस भाषा नजान्ने नागरिकलाई नागरिकता दिइँदैन थियो । जिल्ला प्रशासन कार्यालयमा खसभाषाको परीक्षामा उत्तीर्ण भएपछि मात्रै नागरिकताको लागि योग्य ठहरिन्थे । दोलखा, भुरुङ्गाका तामाङहरूका पनि नागरिकता लिँदाको तीतो अनुभव छ । खासगरी, स्वदेशमै रोजगारी नभएकोले त्यहाँका मानिसहरू दुई/चार पुस्तादेखि नै भारतमा जाने चलन रहेछ । उतै लामो समय रोजीरोटीको लागि बस्दा हिन्दी भाषामा बानी पर्ने र लवज(टोन) पनि हिन्दी नै बन्दै जानु स्वाभाविक मान्नुपर्दछ । तर, जब आफ्नो देश फर्केर नागरिकता लिनलाई जिल्ला प्रशासन कार्यालय चरिकोटमा जान्छन्, उनीहरूका जिब्रोमा हिन्दी भाषा र लवजको प्रभाव देखिएकोले उनीहरूका राष्ट्रियतामाथि प्रश्न गर्ने, शङ्का गर्ने र नागरिकता दिन आनाकानी गर्ने गर्थे । नागरिकले सहजै पाउनु पर्ने नागरिकता पनि अनावश्यक मुस्किल र झन्झटिलो बनाउने गरेको घटनाहरू छन् ।

सांस्कृतिक दासत्व

कार्की परिवार राप्चा गाउँमा गएपछि त्यहाँका रहनसहन, लगाई खुवाई, कृषि र पशुपंक्षी पालनका आदिवासी परम्परामा आघात पर्न सुरु हुन्छ । कार्की परिवार राज्यको प्रतिनिधित्व गर्ने पात्रको रूपमा चरित्राकंन गरिएको छ । उनी राज्यको भाषा बोल्ने, राज्यको धर्म र संस्कार मान्ने, राज्यको पोसाक लगाउने (दौरा सुरुवाल), ढाका टोपी लगाउने । उक्त गाउँका खालिङहरूका पुर्खौली थिति अनुसार बाख्रा समाजमा वर्जित हुँदै आएको हुन्छ । उनीहरू सुगुंर पालन गर्छन्, भोजभतेर र आफ्ना पितृ पुर्खालाई पनि त्यसैको मासु चढाउँछन् । उभौली र उधौलीमा त्यही सुगुंर काटेर खान्छन् । ढोल किराँत राईहरूका पुर्खौली सांस्कृतिक बाजा हुन् । आफ्ना सांस्कृतिक कार्यहरूमा तिनै ढोल बजाएर आदिवासी लोकगीत गाउँदै नाचगान गर्ने त्यस गाउँमा मादलको प्रवेश हुन्छ । मादलले त्यहाँको स्थानीय बाजालाई विस्थापित गराउँछन् र रहनसहनमा पनि वर्चस्व कायम हुँदै जान्छ । राज्यको एउटै भाषा र एउटै भेष नीतिले गर्दा आदिवासी खालिङहरू पिल्सिँदै जान्छन् ।

खालिङहरूका आफ्नै कपडा सिलाउने र लगाउने तौरतरिकामा सांस्कृतिक दासत्व थोपरिँदै जाँदा त्यहाँका मुखिया सुजम्बर स्वयम् दौरा सुरुवाल लगाउन मानसिक रूपमा तयार हुन्छ । होमी के बाबाले नक्कल मान्छे(मिमिक मेन) निबन्धमा राज्यले कसरी आफ्नो सांस्कृतिक वर्चस्व र दासत्व लाद्न सांस्कृतिक तवरले विचार र सहमति(हेजमनि) निर्माण गर्छ, भन्ने विश्लेषण गरेका छन् । त्यस्तै, त्यहाँ भाषा प्रशिक्षकको रूपमा गएका कार्कीले कसरी उक्त गाउँका तालुक सुजम्बरलाई सांस्कृतिक दासत्व स्वीकार गराउन मानसिक रूपमा प्रशिक्षित गराउँदै लैजान्छ, नाटकमा हेर्न पाइन्छ ।

अन्तत: आदिवासी खालिङहरू आफ्नै मातृभाषा, सांस्कृतिक पोसाक र रहनसहनलाई कमसल ठान्ने र राज्यको एक भाषा र एक भेषलाई उत्तम मान्ने मानसिकता निर्माण गराउन राज्यले भूमिका निर्वाह गर्छ । सुजम्बरले आफ्नो रैथाने पोसाक त्यागेर दौरा सुरुवाल लगाएको दृश्यले पुष्टि गरेको छ । राज्यले यसरी यहाँका विभिन्न जातजातिका भाषा, भेष, रहनसहन र मूल्यमान्यतालाई दमन गरेर बहिष्करण गरेको दमनकारी र असमावेशी राज्यसत्ताको मुहार उदाङ्गो पारेको छ । यहाँ मधेसीहरूले लाउने धोती, हिमाली भेगमा लगाउने बख्खु र तामाङले लगाउने गोइलोलाई अराष्ट्रियकरण गर्दै आएको परिप्रेक्ष्यमा सांस्कृतिक दासत्व थोपर्ने काम इतिहासबाट हुँदै आएको छ ।

परिवर्तित मेषीदण्ड

गोर्खाली राज्यको विस्तार केवल भूमिको फैलावट मात्रै थिएन, राज्यको विस्तार सँगसँगै गोर्खाली औपनिवेशिकरणको सूत्रपात थियो । यो औपनिवेशिकरणको मुख्य हतियार खस भाषा र संस्कृति थियो । खस भाषा नजान्नेलाई मेषीदण्ड दिने र खससंस्कृतिको अनुसरण नगर्नेलाई झुन्ड्याएर मार्ने नीति राज्यले उहिलेदेखि नै अख्तियार गर्दै आएको छ । दसैं नमान्ने रामलिहाङ र रिदामालाई धनकुटामा श्री तीन सरकारले सन् १८७६ मा झुन्ड्याएर मारेका थिए ।(स्रोत: थापा, ईश्वर । दसैं नमानेको निहुँमा राणाहरूले झुन्ड्याएर मारेका 'रिदामा राई र रामलिहाङ राई' । गोलखबरडटकम, ४ कार्तिक २०८०)

सन् २०१५ मा जारी गरेको संविधानले नेपालमा बोलिने सबै भाषाहरूलाई राष्ट्रभाषाको दर्जा त दिइएको छ । तर, व्यवहारमा अझै पनि भाषिक विभेद र असमानता छँदैछ । अझै पनि यहाँ अरू समुदायले बोल्ने भाषालाई गाइखाने कुरा गरेको भनेर हेला होचो गर्ने गरिन्छ । भाषिक मानवअधिकारको सुनिश्चित भएको छैन । सरकारी कार्यालयमा खस भाषाबाहेक मातृभाषामा कुराकानी गर्न वर्जित नै छ । हिजो सोलुखुम्बु राप्चाका खालिङहरूले खस भाषा नजानेकै कारणले गर्दा श्री ३ सरकारलाई मेषीदण्ड तिर्न पऱ्यो । अहिले मेषीदण्डका स्वरूप, ढाँचा र माध्यम फेरिएका छन् । तर, गैरखसभाषी मातृभाषीहरूले विभिन्न प्रकारका भिन्न रूपरङ्गका मेषीदण्डहरू तिर्नु परेका छन् ।

विपद्का सूचना दिने प्रविधि

क्रिस्टाबाट जनधनको क्षति कम गर्न सकिन्छ भन्ने अन्तर्राष्ट्रिय निकायहरूले पनि स्वीकार गरिसकेका छन् । उनीहरूले विपद्बाट हुने क्षति न्यूनीकरणका लागि क्रिस्टा एप सहयोगी हुने निष्कर्षका साथ त्यसको प्रयोग बढाउन प्रोत्साहन गरेका छन् ।

विचार

● जीवन भण्डारी

नेपालमा अहिले पनि विपद्का सूचना संकलनका लागि प्रयोग हुने सबैभन्दा प्रभावकारी माध्यम भनेको फोन नै हो । कुनै पनि विपद्का घटना भयो भने नागरिकले प्रहरी प्रशासनलाई जानकारी गराउने माध्यमको रूपमा मोबाइल फोन नै अत्यधिक प्रयोग भएको प्रहरीको तथ्यांकले देखाएको छ । यसको प्रयोग अति धेरै भए पनि विश्वसनीयता भने निकै कम मात्रै देखिन्छ । फोनबाट प्राप्त सूचनाकै आधारमा तत्काल घटनास्थलमा उद्धारका लागि टोली दौडी हाल्ने अवस्था अहिलेसम्म बनेको छैन । फोनबाट सूचना प्राप्त गरिसकेपछि त्यसको पुष्टि गर्न आफ्नै अन्य श्रोतहरूलाई लगाउनु पर्ने र के-कस्तो अवस्था छ भन्ने कुरा पनि आफै बुझेर तयारी गरेर जानुपर्ने अवस्था रहेको छ । यसले गर्दा विपद् व्यवस्थापनमा ढिला पनि हुने गरेको छ । त्यसैले योभन्दा भरपर्दो उपायको आवश्यकता छ । त्यही आवश्यकता देखेर त्यसलाई पूरा गर्न क्रिस्टा एपको रूपमा नयाँ प्रविधिको विकास भई नेपालमा परीक्षण समेत भइरहेको छ ।

नेपालमा पहिलो कुरा त धेरै नागरिकलाई कुनै पनि विपद्का घटना भयो भने कहाँ खबर गर्ने हो भन्ने नै थाहा छैन । थाहा भएकाले खबर गरिहाले भने पनि विवरणहरू निकै अपुरो मात्रै टिपाएको पाइन्छ । त्यसैगरी टिपाइएका विवरणहरू पनि सत्य हुन की होइनन् भन्ने आधिकारिकता पुष्टि हुँदैन । त्यसका लागि सम्बन्धित निकायले फेरि पुष्टि गर्नुपर्ने हुन्छ । धेरै जसो विवरणहरू सूचनादाताले भने जस्तो नहुने गरेको प्रहरीको अनुभव छ । त्यसैले प्रहरीले आफ्नै पुष्टि गर्न लाग्दा धेरै समय लाग्ने गरेको छ भने घटनाको फोटो/भिडियो भएमा उद्धार सामग्रीहरू के-के चाहिन्छ भन्ने यकिन गर्न सकिने थियो । तर, मौखिक व्याख्याका आधारमा घटनास्थलमा पुग्दा अत्यावश्यक पर्ने साधन छुटेको र आवश्यक नपर्ने साधन लगिएको घटना पनि धेरै भएको प्रहरी अधिकारीहरूको अनुभव छ । घटनास्थलमा पुगेपछि मात्रै उद्धारका लागि यस्तो यस्तो सामग्रीको आवश्यकता छ भन्ने सूचना पठाएर अर्को टोली आउँदासम्म धेरै ढिला भइसकेको हुनसक्छ । त्यसैले तत्काल घटनास्थलको फोटो तथा भिडियो पठाइदिने उपाय प्रभावकारी हुन्छ की भन्ने अवधारणा अनुसन्धानकर्ताहरूले विकास गरेर परीक्षण थालेका हुन् ।

थाइल्यान्डमा रहेको एसियन इन्टीच्युड अफ टेक्नोलोजी (एआईटी) विश्वविद्यालयका प्राध्यापक डा. इन्द्रजीत पलले प्रतिपादन गरेको यो क्रिस्टा एपमा हामीलाई आवश्यकता देखिएकै जस्तो व्यवस्था गरिएको छ । यो एप लागू गर्न सबैभन्दा पहिले सम्बन्धित क्षेत्रको भौगोलिक अवस्थालगायतका विवरणहरू एपमा अपडेट गरिन्छ । त्यहीअनुसार सम्बन्धित निकाय (स्थानीय प्रहरी कार्यालय वा पालिकाको कार्यालय)मा सामान्य सूचना प्रणाली जडान गरिन्छ । त्यसपछि सम्बन्धित क्षेत्रका बासिन्दालाई एप डाउनलोड गर्न आह्वान गरिन्छ । त्यसपछि सम्बन्धित क्षेत्रमा कुनै पनि विपद्का घटनाको संकेत, सूचना, जानकारी केही भएमा थाहा पाउनेले तत्काल फोटो वा भिडियो वा अडियो वा अक्षरमा एपमार्फत जानकारी गराउन सक्छ । थाहा पाउने व्यक्तिले ती विवरणहरू पठाउने बित्तिकै उद्धार टोली रहेको ठाउँमा आपत्कालीन धुन बज्छ । त्यसपछि त्यही सूचना, संकेत, फोटो, भिडियो, अडियोका आधारमा उद्धार सामग्रीहरू सहित उद्धार टोली तत्काल घटनास्थलमा पुग्न सक्छ । फोटो वा भिडियोमा सूचना तथा जानकारी दिँदा घटनाको अवस्था र आवश्यक सामग्रीहरू के-के चाहिन्छ भन्ने यकिन गर्न सजिलो हुने भएकाले पनि यसको प्रभावकारिता देखिएको छ ।

यो प्रविधिको प्रयोग गर्दा, स्थानीय बासिन्दा वा प्रत्यक्षदर्शीहरूले विवरण पठाउन सजिलो हुने, प्राप्तिकर्तालाई घटनाको वस्तुस्थिति बढी थाहा हुने, विवरणहरू विश्वसनीय हुने, विवरणहरूको परीक्षण गर्न सजिलो हुने, सूचनादाताले पठाएको फोटो वा भिडियोका आधारमा जिपिएसमार्फत घटनास्थल पनि सजिलै यकिन हुने, घटनास्थलको फोटो भिडियोका आधारमा उद्धार सामग्रीहरूको आवश्यकता पहिचान गर्न सजिलो हुनेलगायतका धेरै फाइदा रहेका छन् । यसले सूचना आदान प्रदानलाई प्रभावकारी बनाउनुका साथै तत्काल उद्धार कार्यमा जान पनि मार्गदर्शन गर्दछ । उद्धार कार्यमा चाँडो जान र उद्धार कार्यलाई प्रभावकारी बनाउन मार्गदर्शन गर्ने भएकाले यसबाट क्षति न्यूनीकरणमा पनि ठुलो सहयोग पुग्ने देखिन्छ ।

विपद् सम्बन्धी सूचना सम्प्रेषण र प्रतिकार्य सम्बन्धी यो नयाँ प्रविधि सुरुमा धादिङको नीलकण्ठ नगरपालिकामा परीक्षणको रूपमा लागू भई सफल भएर अहिले धादिङका अन्य दुई पालिकाहरूमा समेत लागू हुन थालेको छ । अहिले धादिङको बजुरी र बेनीघाट रोराङ्ग गाउँपालिकामा परीक्षण भइरहेको स्थानीय जनप्रतिनिधिहरूले जानकारी दिएका छन् । बेनीघाट रोराङ्ग गाउँपालिकाका अध्यक्ष विवेक थपलियाले यो प्रविधिले क्षति न्यूनीकरणमा ठुलो सहयोग पुग्ने ठानेर लागू गर्न थालिएको बताए । अहिले परीक्षणको रूपमा रहेको र स्थानीयले निकै रुचि देखाएको अनुभव पनि उनले सुनाएका छन् ।

क्रिस्टाबाट जनधनको क्षति कम गर्न सकिन्छ भन्ने अन्तर्राष्ट्रिय निकायहरूले पनि स्वीकार गरिसकेका छन् । उनीहरूले विपद्बाट हुने क्षति न्यूनीकरणका लागि क्रिस्टा एप सहयोगी हुने निष्कर्षका साथ त्यसको प्रयोग बढाउन प्रोत्साहन गरेका छन् । नेपालमा पनि यसको प्रयोग केही पालिकाहरूले गर्न थालेको भए पनि यसलाई देशव्यापी गराउन सकियो भने विपद्बाट हुने क्षति कम गर्न सक्ने देखिन्छ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com **मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । – सं.**

युक्रेनमा ६६ हजार रूसी सैनिक मारिएको ‘मिडियाजोना’को दाबी

काठमाडौं/एजेन्सी– युक्रेनमा जारी युद्धमा ६६ हजारभन्दा बढी रूसी सैनिकको मृत्यु भएको एउटा स्वतन्त्र रूसी सञ्चारमाध्यम ‘मिडियाजोना’ले शनिबार जनाएको छ। ‘मिडियाजोना’ले बीबीसी रूसी सेवासँगको सहकार्यमा खुला स्रोतको तथ्यांक प्रयोग गरेर ज्ञात सैनिकको मृत्युको सूची तयार गरिरहेको छ। यसअघि गत अप्रिलमा उनीहरूले मारिएका ५० हजारभन्दा बढी रूसीको नाम फेला परेको घोषणा गरेका थिए। ‘मिडियाजोना’ले शनिबार भनेको छ, ‘अगस्ट ३० सम्म हामीलाई युद्धमा मारिएका ६६ हजार ४७१ रूसी सैनिकको नाम प्राप्त भएको छ।’

पछिल्लो चार हप्तामा यो सूची चार हजार ६०० भन्दा बढीले बढेको र धेरै सैनिकहरूको मृत्यु सार्वजनिक नगरिएकाले यो निश्चित आँकडा नभएको स्रोतले जनाएको छ । ‘मिडियाजोना’की एक सञ्चारकर्मी अनास्तासिया अलेक्सिएभाले मृत्यु हुनेको पछिल्लो संख्या कुर्स्क क्षेत्रमा युक्रेनको आक्रमण वा पूर्वमा रूसको प्रगतिसँग सम्बन्धित नभएको बताएकी छन्। ‘यसको कारण यो हो कि अनुसन्धानकर्ताहरूले अझै पनि मृत्यु रिपोर्टहरूको ब्याकलगमार्फत काम गरिरहेका छन्,’ उनले भनिन्।

प्रतिवेदनमा राष्ट्रिय सेवामा संलग्न १७२ जना सैनिक युद्धमा मारिएको पाइएको उल्लेख गरिएको र यो प्रारम्भिक महिनाहरूमा सबैभन्दा बढी हो। ‘मिडियाजोना’का सम्पादक दिमित्री ट्रेश्चानिनले भने, ‘यी आँकडाहरू पूर्णरूपमा सही नहुन पनि सक्छन् किनभने अनिवार्य सैन्य भर्ती केन्द्रहरूले व्यावसायिक सैन्य सम्झौतामा हस्ताक्षर गर्नका लागि केही आफन्तहरूको नाम दर्ता गरेको हुन सक्छन्।’

‘मिडियाजोना’को विवरणअनुसार सबैभन्दा बढी दक्षिणी गणतन्त्र बाश्कोर्तोस्तानमा दुई हजार ५७८ जनाको मृत्यु भएको छ। यहाँ ठूलो संख्यामा मुस्लिम समुदायको बसोबास छ। समग्रमा सबैभन्दा बढी मृत्यु ३३ देखि ३५ बर्षको उमेर समूहका सैनिकको भएको र यस समूहबाट छ हजार ८७७ जनाको मृत्यु भएको छ।

Karnali Province Government
Ministry of Physical Infrastructure and Urban Development
Infrastructure Development Directorate
Infrastructure Development Office
Simikot, Humla

Invitation for Bids

Date of First Publication: 2081/05/16 (1th Sep, 2024)

1. Infrastructure Development Office (IDO), Humla invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

S. N.	Contract Identification Number and Name & Address of Project	Contract ID	Amount Excluding VAT and PS	Bid Validity/ Bid Security Validity Period	Bid Security Amount (NRs)	Bid Document Fees (NRs)
1	(I)Construction of Bhaisabaajha dekhi Ranisain Hudai Muchu samma Sadak.(II) Construction of Kuwadi Dekhi Ranisain Samma Sadak, (III) Construction of Siyala dekhi Maila Gaun Samma Sadak, (IV) Construction of Tirtire Pani dekhi Aul Sadak Tanjakot, Humla	IDO/HUMLA/W/NCB/1/2081-082	1,17,59,004.64	90 Days/120 days from Bid Opening Date	350,000.00	3000
2	(I)Construction of Kalagaad dekhi Palsa Gaau samma Gramin Sadak, (II) Construction of Palsa Libragaad Thandeu Hudai manekadh samma Sadak, Adanchuli, Humla	IDO/HUMLA/W/NCB/2/2081-082	67,17,113.27		200,000.00	
3	Construction of Kharpu Dobato Dekhi Chuchejur Samma Sadak Improvement Kharpunath 5, Kharpelgaun Humla	IDO/HUMLA/W/NCB/3/2081-082	83,41,490.59		250,000.00	
4	Construction of Maljhul Ghattedada dekhi Guranskaandh samma Sadak, Adanchuli, Humla	IDO/HUMLA/W/NCB/4/2081-082	25,21,378.58		75,000.00	
5	(I) Construction of Tumlik Mehelkhola hudai Maja Gaun samma Sadak Bistar ebam Staronnati, (II) Constuction of Maja Gaun dekhi Nalla Kharpunath Gramin Sadak, Kharpunath, 04 Humla	IDO/HUMLA/W/NCB/5/2081-082	1,09,30,783.93		325,000.00	
6	(I) Construction of Muchu to limi vally Road, (II)Constuction of Manepeme Limi Jang Tibbet Sima (Tiljang dekhi dumuk tarfa), Namkha, Humla	IDO/HUMLA/W/NCB/6/2081-082	1,17,60,243.75		350,000.00	

2. Addendum (if any), Information on Pre bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification per training to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E- procurement section of PPMO’s website http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Infrastructure Development Office, Humla, Office Tel. No. 087-680249 or Mob.no. : 9843096898 and email: idohumla@gmal.com or visit PPMO´s website http://www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:

Name of the Bank : Rastriya Banijya Bank Simkot Humla
Revenue Account Number : 1000100200010000
Name of Office : Infrastructure Development Office
Rajaswo Shirshak (revenue) Number : 14229
Account Name : Pradesh Lekha EekaeKaralaya, Simikot, Humla
Security Account Number : 4190100202030000
Office Code Number : 3370164016

5. Pre-bid meeting will be held on 2081/06/04 “or” 2024-Sep-20 on 2:00 pm hrs at Infrastructure Development Office, Simikot, Humla.
6. Electronic bids must be submitted to the Infrastructure Development Office, Karnali Province, Humla electronically through PPMO website http://www.bolpatra.gov.np/egp on or before 12:00 pm hrs of Date : 2081/06/15 or 2024 Oct 01. Bids received after this deadline will be rejected.
7. The bids will be opened electronically at 13:00 pm hours on Date : 2081/06/15 or 2024 Oct 01 in the presence of the bidder’s representatives who choose to attend in Infrastructure Development Office, Karnali Province, Humla.
8. If the last date of Opening falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act,2063 and Public Procurement Regulation, 2064 and others prevailing rules and regulations of Nepal.

Office Chief

बक्स अफिस समाचार

११औं छायाँछवि तिज म्युजिक अवार्डको उत्कृष्ट ५ मनोनयन सार्वजनिक

काठमाडौं/मस- ११औं छायाँछवि तिज म्युजिक अवार्डको उत्कृष्ट ५ मनोनयन सार्वजनिक गरिएको छ । तिजका अवसरमा संलग्न हुने सर्जकहरुलाई सांस्कृतिक पर्व तिजका अवसरमा प्रोत्साहन मिलोस् र तिजका गीतले र त्यसका श्रष्टा/सर्जकले प्रोत्साहित हुने मौका पाउन् भन्ने ध्येयका साथ तिज म्युजिक अवार्ड आयोजना गरिँदै आएको छायाँछविका अध्यक्ष शान्तिप्रियले जानकारी दिए ।

छायाँछविका अध्यक्ष शान्तिप्रियले जारी गरिएको विज्ञप्तिमा भनिएको छ, 'मौलिक सांस्कृतिक पर्व तिजलाई हामी मनोरञ्जनको भन्दा पनि संस्कृतिको सम्वर्द्धन एवम् प्रवर्द्धनसँग जोडेर अवार्ड आयोजना गरिरहेका छौं । मुलतः मनोरञ्जन सँगसगै संस्कृतिको पर्व तिज अवार्डको ११औं श्रृंखलामा उत्कृष्ट ५ को मनोनयनमा पर्नुहुने सबै श्रष्टालाई बधाई छ ।'

Chhayanchhabi
presents
छायाँछवि
तीज म्युजिक अवार्ड
२०८१
११औं छायाँछवि
तीज म्यूजिक अवार्ड २०८१
१८ भाद्र २०८१
@
BG BANQUET & EVENTS

उत्कृष्ट तिज गीत एरेञ्जर
१. राकेश सोनी - रातो टिकैमा
२. विनय कार्की क्षेत्री - तिमी म नाचौं
३. हरि लम्साल - उनकै नाममा
४. सुदीप सागर - छमछमी नाचौं बरीलै
५. पुरुषेत्तम सुवेदी - नाम जोडियो

उत्कृष्ट तिज गीत ध्वनि मिश्रण
१. प्रकाश मिश्र - उनकै नाममा
२. राकेश सोनी - रातो टिकैमा
३. कृष्ण पुन - गम्कीदे मादलु
४. चन्द्र चौधरी - माइतै रमाइलो
५. किशोर थापा - लाग्छ कि लाग्दैन

उत्कृष्ट तिज गीत छायाकार
१. मुकेश हुमागाईं - केलाई पिर लिन्छौं
२. राजेश घिमीरे - नाम जोडीयो
३. मानकृष्ण महर्जन - नाच छम्म छम्म
४. महेश महरा - छमछमी नाचौं बरीलै
५. वीरेन्द्र भाट विपीन - बालेनको शहर

उत्कृष्ट तिज गीत भिडियो सम्पादक
१. मीन रावल - लाग्छ कि लाग्दैन
२. बन्दे प्रसाद - नाच छम्म छम्म
३. बिकाश धमला - उनकै नाममा
४. मिलन बिश्वकर्मा - छमछमी नाचौं बरीलै
५. वीरेन्द्र भाट विपीन - रातो टिकैमा

उत्कृष्ट तिज गीत नृत्य निर्देशक
१. सुरेन्द्र वसेल - तिजको उमङ्ग
२. राजकिङ्ग वाइवा - उनकै नाममा
३. राहुल बराइलि - तिजैले जुरायो
४. गम्भीर बिष्ट - छमछमी नाचौंन
५. बिक्रम चौहान - छमछमी नाचौं बरीलै

उत्कृष्ट तिज गीत भिडियो निर्देशक
१. जेरी भण्डारी - काली पसम कि
२. नितिन चन्द - छमछमी नाचौं न
३. श्रीजन बराल - नाच मायाले
४. निकेश खड्का- उनके नाममा
५. रामजी लामीछाने - नाच छम्म छम्म

उत्कृष्ट तिज गीत मोडल (पुरुष)
१. राहुल श्रेष्ठ - हवाइजहाज चडेर
२. ओवि रायमाझी - नाच छम्म छम्म
३. शेखर घर्ति मगर - नाच मायाले
४. बिनय कार्की क्षेत्री - तिमी म नाचौं
५. बिमल अधिकारी - ए मेरो राजा

उत्कृष्ट तिज गीत मोडल महिला
१. जान्हवी बस्नेत - नाच छम्म छम्म
२. कविता न्यौपाने - नाँच मायाले
३. निकिशा श्रेष्ठ - नाँच मायाले
४. शिला गजुरेल - तिजको उमङ्ग
५. पुनम श्रेष्ठ - तिजको उमङ्ग

मौलिक तिज गीत मोडल
१. प्रियंका कार्की - उनकै नाममा
२. अञ्जली अधिकारी - छमछमी नाचौ बरीलै
३. करिश्मा ढकाल - छमछमी नाचौ बरीलै
४. ऋचा थापा - लाग्छ कि लाग्दैन
५. स्मारिका ढकाल - काली पसम कि

उत्कृष्ट तिज दोहोरी गीत गायक
१. शुकदेव अधिकारी - नाच मायाले
२. राजेश बर्देवा - नाच छम्म छम्म
३. विनय कार्की क्षेत्री - तिमी म नाचौं
४. राहुल श्रेष्ठ - हवाईजहाज चडेर
५. कमल बिसी माल्दाइ - पोखरा घुमाउने को छ र

उत्कृष्ट तिज दोहोरी गीत गायिका
१. अञ्जना सरु - तिमी म नाचौं
२. सुनिता बुढा क्षेत्री - केलाई पिर लिन्छौं
३. पूर्णकला बि सी - नाच मायाले
४. समीक्षा अधिकारी - नाच छम्म छम्म
५. शान्तिश्री परियार - हवाईजहाज चडेर

उत्कृष्ट तिज गीत शब्द
१. तीलु शर्मा पौडेल - छोरी भर जन्मिनु
२. पूर्ण परियार - माइतीघर
३. सुमन बैरागी पण्डित - आएन परदेशी
४. नारायण रेग्मी - लाग्छ कि लाग्दैन
५. सरला चापागाई - छमछमी नाचौं बरीलै

उत्कृष्ट मौलीक तिज गीत शब्द
१. शितल कादम्बीनि - माइतै रमाइलो
२. हरि लम्साल - उनकै नाममा
३. शर्मीला गुरुङ - वावाको आगनीमा
४. लोकराज अधिकारी - गम्कीदे मादलु
५. प्रेम सापको सोनु - काली पसम कि

उत्कृष्ट तिज गीत लय
१. ताराविर पाण्डे - तिजको बेला
२. राकेश सोनि - रातो टिकैमा
३. लोकराज अधिकारी - जोर मादल
४. शुकदेव अधिकारी - नाँच मायाले
५. लक्ष्मण पोखरेल - तिजैले जुरायो

उत्कृष्ट मौलिक तिज गीत लय
१. दीपक शर्मा - हरदीन पूजा गर्छु
२. हरी लम्साल - माइतै रमाइलो
३. सरोज कोईराला - गम्कीदे मादलु
४. पूर्ण परियार - माइतिघर
५. प्रेम सापकोटा सानु - काली पसम कि
उत्कृष्ट तिज गीत नव-गायिका
१. भगवति खाती - तिजको बेला
२. आश्रीया सुवेदी - तिजैले जुरायो
३. संजीता खड्का - बालेनको शहर
४. प्रेक्षा गौतम - तिजको उमङ्ग
५. प्रतिमा गैरे - खाली तिरैमा

उत्कृष्ट तिज गीत गायिका
१. विन्दु बिसी - रातो टिकैमा
२. सरु गौतम - नाम जोडीयो
३. कमला पोखरेल - बाबाको आगनीमा
४. शोभा पाण्डे - हरदनि पुजा गर्छु
५. शान्तिश्री परियार - छमछमी नाचौं बरीलै

उत्कृष्ट मौलिक तिज गीत गायिका
१. रेखा शाह - छमछमि नाचौं न
२. माधवि अर्याल - माइतै रमाइलो
३. रचना रिमाल - जोर मादल
४. एलीना चौहान - गम्कीदे मादलु
५. शान्तिश्री परियार - काली पसम कि

जब 'जाम भन्यो कतारको लाहुरेले' गाउँदा बन्यो संगीतमय माहोल

तिलु शर्मा पौडेल/मध्यान्ह
दोहा, कतार, १५ भदौ

'लेउ न आमा एक मुट्ठी पानी' गीत गाउँदै स्टेजमा चढेकी लोक तथा दोहोरी गायिका रिता थापा मगरले 'कतारका लाहुरेले जाम भन्यो भन्दै' गाउँदा माहोल जुरुक्क उठ्यो । पछिल्लो समयको हिट रत्यौली गीतमा हलमा रहेका महिलामात्र नाचेनन् पुरुष पनि छमछमी नाचे । करिब १५ सय दर्शक उपस्थित अल लुक्ताको ट्युनिसियन स्कुलको कभर्डहलमा गायिका रितासँगै कतारका लाहुरे र लाहुरिनी वास्तवमै जुरुक्क परेका थिए । थापाले आयोजकप्रति आभार व्यक्त गर्दै निमन्त्रणा गरेर लामो समयपछि कतार आउने अवसर जुरेको भन्दै खुसी व्यक्त गरिन् ।

शुक्रबार श्रमिक सचेतनासहित नेपाली नारीहरूको महान् पर्व ' हरितालिका तिज'को अवसरमा सम्पन्न विविध सांस्कृतिक कार्यक्रममा राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठानकी केन्द्रीय अध्यक्षसमेत रहेकी गायिका थापाले प्रस्तुति दिएकी हुन् । तिज कार्यक्रममा कतारमा रहेका करिब २ दर्जन कलाकारहरूले आफ्ना सांगीतिक प्रस्तुति दिए । गायन र नृत्य विधामा स्थानीय कलाकारको प्रस्तुतिले हललाई वास्तवमै तिजमय बनाएको थियो ।

नेपाली महिला समाज कतार र गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतारको महिला विभागको समन्वयमा कतारमा स्थापित विभिन्न ६२ वटा संघ-संस्थाहरूको संयुक्त आयोजनामा कार्यक्रम सम्पन्न भएको हो । कतारको आन्तरिक मन्त्रालयका अधिकारीहरूले हलमा उपस्थितहरूलाई नेपालबाट कतार आउँदा डाक्टरहरूको सल्लाहबमोजिम नेपालमा वैद्य मानिएका तर कतारमा अवैध हुन सक्ने औषधिको अध्ययन गरेरमात्र लिएर आउन सचेत गराए ।

कार्यक्रममा कतारमा सबै किसिमका ड्रग्सको ओसारपसारलाई प्रतिबन्ध गरिएको हुँदा गाँजा चरेससहित गुट्खा, चुरोट, सूर्ति या खैनीजन्य पदार्थ पनि कतार आउँदा नल्याउन अनुरोध गर्दै अरूले दिएको पार्सल खोलेर हेरेर मात्र ल्याउन सुझाव दिए ।

सामाजिक सुरक्षा कोषका बारेमा पत्रकार महासंघ कतार शाखाका उपाध्यक्ष अर्जुन पौडेलले कोषमा सूचीकृत हुनका लागि न्यूनतम १ महिना योगदान गर्नुपर्ने, तर थप ५ महिनाको करिब १० हजार रुपैयाँ योगदान गऱ्यो भने नेपालमा रहेका श्रीमान/श्रीमती र बच्चाहरूको औषधि उपचारका लागि योग्य हुने बताए । नियमित कोषमा सूचीकरण भएमा सबै प्रकारका टिभी नेपाल लैजान मिल्ने बताउँदै ६० वर्षपछि निवृत्ति भत्ता पनि मिल्ने हुँदा कोष लाभदायक रहेको बताउँदै सबै श्रमिकलाई आबद्ध हुन् आग्रह गरे ।

एनआरएनए एनसीसी कतारको महिला विभाग संयोजक सुष्मा खतिवडा कटुवालले स्वागत मन्तव्य राखेको रमाइलो तिज कार्यक्रम महिला समाजकी अध्यक्ष माया केसीको अध्यक्षता तथा नेपाली राजदूतावास कतारकी प्रथम सचिव सीता ज्ञवालीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हो ।

आयोजकका रूपमा रहेका ६२ वटा संघसस्थाका संस्था प्रमुख तथा प्रतिनिधिसहित कतारमा स्थापित विभिन्न संघ संस्थाका संस्था प्रमुख तथा प्रतिनिधि, सामाजिक व्यक्तित्व, बुद्धिजीवी तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो । न्यून मन्तव्यलाई स्थान दिइएको कार्यक्रममा आफ्ना शुभकामना मन्तव्य राख्दै प्रमुख अतिथिले कतारमा रहेका दिदी बहिनीहरूलाई रमाइलो प्रदान गर्ने अवसर जुटाएकोमा आयोजकलाई धन्यवाद ज्ञापन गरिन् ।

समाजकी महासचिव मेनुका खतिवडा र प्रवक्ता शारदा भुजेलले मिलेर सहजीकरण गरेको कार्यक्रमको समापन गर्दै अध्यक्ष केसीले कार्यक्रम सफल बनाउन सहयोग गर्ने एनसीसीका विभिन्न विभाग, महिला समाजका विभिन्न ओहोदाका व्यक्तित्वहरूसहित प्रायोजक तथा सहयोगी सबैप्रति आभार व्यक्त गरिन् । कार्यक्रमलाई सफल बनाउन विभिन्न कोणबाट सहयोग गर्ने सम्पूर्ण सहयोगी, पत्रकार तथा गायिका थापासहित प्रमुख अतिथिलाई समेत मायाको चिनो, दोसल्ला र खादाले सम्मान गरिएको थियो ।

बबिता श्रेष्ठको 'उत्ताउलो जवानी' सार्वजनिक

काठमाडौं/मस- म्युजिक भिडियो निर्देशनको क्षेत्रमा पृथक पहिचान बनाएकी बबिता श्रेष्ठ 'मलेकु'को निर्देशनमा तयार भएको नयाँ म्युजिक भिडियो ' उत्ताउलो जवानी' शुक्रबार एक कार्यक्रमका बीच सार्वजनिक गरिएको छ । वरिष्ठ संगीतकार सुरेश अधिकारीको प्रमुख आतिथ्यतामा भिडियो सार्वजनिक गरिएको थियो ।

गायिका अनु चौधरी र संगीतकार स्वयं सिडी विजय अधिकारीको स्वर रहेको गीतको भिडियोमा सागर लम्साल ' बले', अलिसा शर्मा र ग्रीष्मा पौडेललगायतले अभिनय गरेका छन् । कथानक चलचित्रहरुमा प्रस्तुत गरिने आइटम नृत्यको शैलीमा तयार भएको गीतले दर्शकहरुको मन सजिलै जित्न सकिने विश्वास निर्देशक बबिता श्रेष्ठले लिएकी छन् ।

नृत्य निर्देशन रोशन विश्वकर्मा, शब्द सुजन कोइराला, सिडी विजय अधिकारीको संगीत रहेको गीतको भिडियो उत्तम हुमगाईंले खिचेका हुन् ।

Dodhara Chadani Municipality
Office of the Municipal Executive
Dodhara Chadani, Kanchanpur
Sudurpaschim Province, Nepal

Invitation For Bids

First Date of Publication: 2081/05/16

1. The Government of Nepal (GoN) has allocated Fund to Dodhara Chandani Municipality for Blacktop Road construction work, Ward 06 and the Municipality int`ends to apply the funds to cover eligible payments under the Contract for Building construction work. Bid is open to all eligible Nepalese Bidders.
2. Eligible Bidders may obtain further information and Inspect the bidding documents at www.bolpatra.gov.np.
3. Bidding documents may bid from **www.bolpatra.gov.np** only.
4. Bids must be submitted through www.bolpatra.gov.np, on or before 12.00 hr. noon on 2081/06/16.
5. Bids will be opened in the presence of Bidders' representatives who choose to attend at Dodhara Chadani Municipality Dodhara Chadani, Kanchanpur on **2081/06/16 and 14.00 hr.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by bid security, amounting to a **minimum of as mention below,** which shall be **valid for 30 days** beyond the bid validity period.
6. Bidder may submit Bid Document Fee in form of cash, in Sanchit Kosh Account No : 0823501563767019, Agricultural Development Bank, Dodhara chadani branch.
7. If bidder wishes for Bid Bond in form of cash, in **Dharauti Khata** Account No : 0823501563767108, Agricultural Development Bank, Dodhara chadani branch.
Account Name. Dharauti Khata and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing, submission and opening falls on a government holiday then the next working day shall be considered as the last day.
9. The name and identification of the contract are as follows:

IFB Number	Description of Work	Estimated Amount, NRs. (Excluding VAT & PS)	Bid Security Amount (Rs.)	Bid Document Fee
03/BTRW/ 2081/082	Patternala-Jufel Tool-Galmeli Tool-Milan Chauraha-Ncell Tower Road Blacktop Construction Work, Ward 06	30,18,487.39	1,00,000.00	3000.00

10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

Chief Admistrative Officer

पलेशालाई ऐतिहासिक कांस्य पदक



काठमाडौं/मस– नेपाली पारा तेक्वान्दो खेलाडी पलेशा गोबर्धनले पेरिस पारालिम्पिक-२०२४ को के- ४४ क्याटगोरीको महिला ५७ केजीमुनि ऐतिहासिक कांस्य पदक जितेकी छन्।

पेरिसस्थित ग्रान्ड प्यालेसमा शुक्रबार अबेर राति सम्पन्न रिपेचेजको कांस्य पदक भिडन्तमा पलेशाले सर्बियाकी मरिजा मिसेभलाई १५-८ ले पराजित गर्दै नेपाललाई ऐतिहासिक कांस्य पदक दिलाइन्। रिपेचेजको पहिलो खेलमा पलेशाले फ्रान्सकी सोफी काभर्जनलाई २-१ ले हराएकी थिइन्।

रिपेचेजअघि पहिलो चरणमा पलेशाले भेनुजुएलाकी भलेरिया मोराल्सलाई एक पक्षीय खेलमा ३१-० ले पराजित गर्दै क्वाटरफाइनलमा स्थान सुरक्षित गरेकी थिइन्। क्वाटरफाइनलमा भने पलेशा आफूले अधिकांश समय अग्रता लिएको खेलमा अन्तिम समयमा विश्व वरीयतामा शीर्ष स्थानकी ब्राजिलकी सिल्भाना मायारा कार्डोसो फर्नान्डेजसंग ८-१० ले पछि परिन्। सिल्भानले पनि कांस्य नै जितिन्। पराजित भएपनि पलेशाले रिपेचज खेल्ने अवसर पाइन्। क्वाटरफाइनलदेखि पराजित हुनेलाई मात्र रिपेचेज खेल्ने अवसर दिइएको थियो। पहिलो चरणमै हार व्यहोर्नेलाई यो सुविधा थिएन।

लगातार दोश्रो पारालिम्पिक खेलेकी पलेशाले टोकियो पारालिम्पिकको सोही तौलसमूहको रिपेचेजमामा पनि मरिजालाई नै हराउदै कांस्य पदक भिडन्त पक्का गरेकी थिइन्। कांस्य पदकका लागि भएको भिडन्तमा भने पलेशा चीनकी लि युजीसंग १२-९ ले चुकेकी थिइन्। यिनै लिले स्वर्ण जित्दै पेरिस यात्रालाई सुखद बनाइन्। लिले फाइनलमा टर्कीकी गाम्जे गुर्डेललाई ११-० ले पाखा लगाइन्।

पलेशाले पाएको उपलब्धी नेपाली खेलकुदकै अहिलेसम्मको ठूलो हो। कुनैपनि ओलम्पिकमा नेपाली खेलाडीले हालसम्म पदक जित्न सकेका छैनन्। नेपालले पारालिम्पिकमा सन् २००४ को एथेन्स तथा गृष्मकालीन ओलम्पिकमा सन् १९६४ को टोकियो ओलम्पिकदेखि भाग लिन थालेको थियो। गृष्मकालीन ओलम्पिकमा नेपालले तेक्वान्दोमै प्रदर्शनी खेलमा कांस्य जितेको इतिहास छ। सन् १९८८ मा दक्षिण कोरियामा भएको २४ औं संस्करणको सिओल ओलम्पिकमा विधान लामाले त्यो उपलब्धी हासिल गरेका थिए। प्रदर्शनी खेल भएकाले पदक तालिकामा भने उक्त पदकको गणना गरिएको थिएन।

जावलाखेलस्थित डिएभी स्कुलमा अध्ययनरत रहँदा १० वर्षको कलिलो उमेरदेखि तेक्वान्दो खेल्न सुरु गरेकी पलेशा सन् २०१६ मा राष्ट्रिय पारा तेक्वान्दो टिममा आवद्ध भएकी थिइन्। सन् २०१७ मा दक्षिण कोरियाको छुन्चियोनमा भएको एसियाली खुला पारा तेक्वान्दो च्याम्पियनसिप पलेशाको 'डुब्यु' अन्तर्राष्ट्रिय प्रतियोगिता हो। त्यो प्रतियोगितामा उनी पाँचौं स्थानमा रहिन्।

पिता प्रदीप र आमा मनीताका ३ छोरी मध्ये माइली सन्तान २१ वर्षीयाँ पलेशाले पेरिस पारालिम्पिकसहित करियरमा ६ अन्तर ार्ष्ट्रिय पदक जितेकी छन्। त्यसमा ३ स्वर्ण र उत्तिनै कांस्य रहेको छ। पलेशाले नेपालमा भएको दोश्रो काठमाडौं ग्योरोगी तथा पुम्से अन्तर्राष्ट्रिय तेक्वान्दो प्रतियोयिगता- २०१८, बहराइनको मानामामा भएको एसियाली युथ पारा गेम्स- २०२१ तथा चीनको ताइयानमा पेरिस ओलम्पिककै लागि भएको एसियाली छनोट- २०२४ मा पलेशाले स्वर्ण जितेकी थिइन्। ताइयानकै प्रतियोगितामा हासिल गरेको सफलतामा पलेशाले पेरिस पारालिम्पिकमा सहभागिता निश्चित गरेकी थिइन्। पारालिम्पिकमा छनोट चरण पार गरेर खेल्ने पलेशा एक्लो नेपाली खेलाडी हुन्। टोकियो पारालिम्पिकमा भने पलेशा वाइल्ड कार्ड मार्फत सहभागी भएकी थिइन्।

त्यस्तै पलेशाले सन् २०१८ मा भियतनाममा भएको चौथो एसियाली पारा तेक्वान्दो तथा चीनको हाङझावमा भएको चौथो एसियाली पारा खेलकुद-२०२२ मा कांस्य जितेकी थिइन्। एसियाली पारा खेलकुदमा पलेशाले जितेको कांस्य नेपालले पाएको हालसम्मकै एक मात्र पदक हो।

पलेशासंग लन्डन र टर्कीमा भएको २ विश्व च्याम्पियनसिप, जोर्डनमा भएको पाँचौं एसियाली खुला पारा तेक्वान्दो च्याम्पियनसिप, टोकियो पारालिम्पिकको छनोट, टोकियो पारालिम्पिक, साउदी अरबियामा भएको विश्व पारा तेक्वान्दो ग्रान्ड प्रिक्स तथा भियतनाममा भएको नवौं एसियाली पारा तेक्वान्दो च्याम्पियनसिप खेलेको अनुभव छ।

पलेशाले राष्ट्रिय खेलकुद परिषद्, नेपाल ओलम्पिक कमिटी, नेपाल खेलकुद पत्रकार मञ्च, नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी संघले प्रदान गर्ने वर्षको उत्कृष्ट पारा एथलिट अवार्ड जितिसकेकी छन्। काठमाडौं महानगरपालिका वडा २८, बागबजारकी पलेशा नेपाल सरकारबाट जनसेवाश्री पञ्चम श्रेणीबाट पनि विभूषित भइसकेकी छन्।

पेरिस पारालिम्पिकका लागि नेपाली तेक्वान्दो टोलीले १ महिना युकेको म्यान्चेसटरमा तयारी प्रशिक्षण गरेको थियो। पारालिम्पिकमा सहभागी टोली म्यान्चेसटरबाटै अगष्ट २५ तारिखमा पेरिस पुगेको थियो।

पलेशाका प्रशिक्षक कविराज नेगी लामाको भने प्रशिक्षकका रुपमा यो ११ औं अन्तर्राष्ट्रिय पदक हो। अन्तर्राष्ट्रिय लेभल-२ प्रशिक्षक लामाको प्रशिक्षणमा नेपाली खेलाडीले हालसम्म ३ स्वर्ण, २ रजत र ६ कांस्य जितेका छन्। लामा नेपाली पारा तेक्वान्दोका सफल प्रशिक्षक हुन्।

पलेशाले मेहनतको फल प्राप्त भएको र आफूले जितेको पदक आफ्नो मात्र नभइ सिंगो राष्ट्रका लागि भएको प्रतिक्रिया दिइन्।

'मिहिनेतको फल पाएको अनुभूति भइरहेको छ। यो पदक मेरो मात्र होइन। सिंगो नेपाल र सम्पूर्ण नेपालीहरुको हो,' पलेशाले भनिन्, 'अब हामी गर्वका साथ भन्न सक्छौं ओलम्पिकमा हाम्रो पनि पदक छ भनेर।'

पलेशाले अगाडि भनिन्, 'सबैको म प्रति भरोसा थियो, पदक जित्छ भनेर। उहाँहरुको भरोसालाई कायम राखेर देशका लागि पदक जित्न पाएकोमा खुसी छु।'

पलेशाले आफ्नो यात्रामा सहयोग गर्ने राष्ट्रिय खेलकुद परिषद् (राखेप), नेपाल पारालिम्पिक कमिटी, नेपाल तेक्वान्दो संघ, परिवार, शुभचिन्तकलगायत सबैलाई धन्यवाद दिँदै अझ राम्रो तयारी गर्न सके यो भन्दा बढी उपलब्धी हासिल गर्न सकिने बताइन्।

प्रशिक्षक लामाले टोकियो ओलम्पिकमा जित्न नसकेको पदक पेरिसमा आएर जित्न सकेकोमा खुशी व्यक्त गर्दै पलेशाले जितेको पदक सम्पूर्ण देशवासीका लागि उपहार भएको बताए। उनले पलेशा र सम्पूर्ण टिमको मेहनतले सफलता सम्भव भएको बताउदै पलेशाको सफलताले नेपाल पनि ओलम्पिकमा पदक जित्न सक्षम छ भन्ने सन्देश दिन सफल भएको धारणा व्यक्त गरे।

राखेपका, नेपाल पारालिम्पिक कमिटी एवं नेपाल तेक्वान्दो संघका सदस्य समेत रहेका टोलीका व्यवस्थापक रामचन्द्र श्रेष्ठले लामो समयदेखि राष्ट्रले चाहेको पदक जित्न सफल भएकोमा पलेशालाई बधाइ र धन्यवाद दिदै अझ लगानी वृद्धि गर्ने हो भने स्वर्ण पदक पनि टाढाको विषय नभएको बताए।

देव र नरेन्द्रको टिमले जित्यो उपाधि

राजकुमार के.सी./मध्यान्ह
मकवानपुर, १५ भदौ

थाहा नगरस्तरीय पालुङ जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिताको उपाधि देव अर्याल र नरेन्द्र मोक्तानको टिमले जितेको छ। शनिबार भएको फाइनल खेलमा संग्राम खत्री र मधुसुदन चौधरी टिमलाई पराजित गरि देव र नरेन्द्रको टिमले उपाधि जितेको हो।

शनिबार नै भएको सेमिफाइनल खेलमा देव र नरेन्द्रको टिमले सुवास थापा र समराज पाख्रीनको टिमलाई तथा संग्राम र मधुसुदनको टिमले रामचन्द्र कार्की र विमल बिष्टको टिमलाई पराजित गर्दै फाइनलमा पुगेका थिए।

प्रतियोगितामा प्रथम र दोस्रो हुनेले क्रमशः नगद १० हजार, ७ हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगिताको उत्कृष्ट खेलाडी संग्राम खत्री भए। उनले नगद २ हजार ५ सयसहित ट्रफी प्राप्त गरे।

प्रतियोगिताका लागि प्रथम नगद पुरस्कार पालुङ जेसीजका अध्यक्ष निरज रायमाझीले आफ्ना स्वर्गीय हजुरबुवा रणबहादुर रायमाझीको स्मृतिमा प्रायोजन गरेका थिए। त्यस्तै दोस्रो नगद पुरस्कार मकवानपुरगढी जेसीजका अध्यक्ष बिजय पुडासैनीले, उत्कृष्ट खेलाडी नगद पुरस्कार सिमारा जेसीजका लक्की रिमालले प्रायोजन गरेका थिए।

त्यस्तै प्रथम हुने टिमलाई ट्रफी र मेडल पालुङ जेसीज वर्ष २०२४ का महासचिव विक्रम गोपालीले, दोस्रो हुने टिमलाई ट्रफी र मेडल कोषाध्यक्ष सञ्जय गोपालीले, उत्कृष्ट खेलाडी ट्रफी मिडिया संयोजक श्रीकृष्ण श्रेष्ठले प्रायोजन गरेको पालुङ जेसीज बर्ष २०२४का महासचिव विक्रम गोपालीले बताए।

पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीको अध्यक्षता तथा थाहा नगर खेलकुद विकास समितिका संयोजक एवम् थाहा नगरपालिका वडा नम्बर १२ का अध्यक्ष टिकाराम लामाको प्रमुख आतिथ्यतामा भएको प्रतियोगिताको समापन समारोहमा थाहा नगरपालिका वडा नं. ३ का अध्यक्ष हिरेन्द्रकुमार रायमाझीको विशिष्ट आतिथ्यता रहेको थियो।

समापन समारोहमा थाहा नगरपालिका वडा नं. ४ का वडा अध्यक्ष नारायण लामा, जनकल्याण माध्यमिक विद्यालयका प्रधानाध्यापक सानोभाइ कार्की, समाजसेवी राजेश केसी, इलाका प्रहरी कार्यालय पालुङका प्रमुख श्याम थापा मगर, थाहा नगरपालिका सामाजिक शाखा प्रमुख अनिल लामिछाने, पालुङ जेसीजका पूर्व अध्यक्षहरु, निवर्तमान अध्यक्ष संगम कार्कीलगायतको आतिथ्यता एवम् पालुङ जेसीजका बोर्डका पदाधाकारी र सदस्यहरुको उपस्थिति रहेको थियो।

प्रतियोगिताको विजयी टिमलाई प्रमुख अतिथि र अतिथिहरुले नगद पुरस्कार, प्रमाणपत्र, मेडल र ट्रफी प्रदान गरेका थिए। प्रतियोगितालाई सहयोग गर्ने सहयोगी संघसंस्था, व्यक्ति र सञ्चारकर्मीहरुलाई कदरपत्र र मायाको चिनोद्वारा सम्मानित गरिएको थियो।

थाहा नगरपालिका वडा नं. ३ को कार्यालयले सहयोग गरेको प्रतियोगितामा थाहा नगरका १३ वटा टिमको सहभागिता रहेको कार्यक्रम संयोजक सुशान्त श्रेष्ठ (च्याङ)ले बताए।

थाहा नगरपालिका ४ मा रहेको कभर्डहलमा भएको प्रतियोगिता थाहा नगर ब्याडमिन्टन संघ, फरक सोच र शिखर क्लवको समन्वयमा भएको पालुङ जेसीज वर्ष २०२४ का कोषाध्यक्ष सञ्जय गोपालीले बताए। पालुङ जेसीजको आयोजनामा थाहा नगरस्तरीय पालुङ जेसीज कप डबल ब्याडमिन्टन प्रतियोगिता आफ्नो हजुरबुबाको स्मृतिमा हरेक वर्ष आयोजना गरिने पालुङ जेसीज वर्ष २०२४ का अध्यक्ष निरज रायमाझीले बताए।

ज्ञानोदय विजयी

काठमाडौं/मस– आयोजक ज्ञानोदयले ३०औं ज्ञान कार्निभल अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको गर्ल्समा शनिबार जित हात पारेको छ। खोकनास्थित घरेलु कोर्टमा ज्ञानोदयले रिब्सलाई २८-२५ ले पराजित गर्‍यो। ज्ञानोदयकी रिस्ता तिलिजाले १२ अंक जोडिन्।

गर्ल्समै रेडियन्ट पब्लिकले स्वर्णिमलाई ११-८ तथा रातो बंगलाले मोर्डन इन्डियन स्कुललाई २२-९ ले हराए। रेडियन्टकी दिब्यान्शा कार्कीले ११ तथा रातो बंगलाकी आहाना ढुंगानाले ११ स्कोर गरे।

ब्वाइजमा आइडियल मोडलले रेडियन्ट पब्लिकलाई ४२-४०, रातो बंगलाले ओएसिस्लाई ३७-२५ र लिटिल एन्जल्सले पाठशाला, बानेश्वरलाई ४०-१६ ले पन्छाए।

निश्चल केसी बने फिफा अन्तर्राष्ट्रिय खेलाडी एजेन्ट



Nischal
KC
License status: VALID
License number: 202408-8115
Connect ID: 1PP0PA4
Authorized to represent minors: NO
FIFA | FOOTBALL AGENT

काठमाडौं/मस– लामो समयदेखि फुटबल क्षेत्रको विकासमा लागिपरेका फुटबल खेलाडी निश्चल केसी फिफा अन्तर्राष्ट्रिय खेलाडी एजेन्ट २०२४ लाइसेन्स पास भएका छन्। पोखरा महानगरपालिका वडा नं. ३२ गगन गौडाका स्थायी बासिन्दा निश्चल काठमाडौंको सितापाइलामा रहेर फुटबल क्षेत्रको विकासका लागि काम गरिरहेका छन्।

फुटबल क्षेत्रको विकासकै लागि उनले खोज अनुसन्धान गर्दै अमेरिका, भारत, थाइल्याण्ड, मलेसिया, यूएईलगायत देशको भ्रमण गरेर अनुभव बटुलेका छन्।

फिफा लाइसेन्स नहुँदा पनि उनको पहलमा नेपाली खेलाडीलाई यूएईको दुबई फुटबल क्लबमा अवसर सिर्जना गरिदिएका छन् भने विदेशी खेलाडीलाई नेपाली फुटबल क्लबहरुमा ल्याएर याहाँका क्लबका खेलाडीहरुको स्तरवृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गरेका छन्।

मध्यान्ह दैनिकसँग संक्षिप्त कुराकानी गर्दै उनले नेपाली फुटबल क्षेत्रमा नयाँ आयाम देखिएको बताए। उनले फुटबल क्षेत्रको विकासका लागि विदेशी खेलाडीहरुलाई अवसर दिनुपर्ने बताए। उनले नेपाली खेलाडीहरु पनि विदेशका फुटबल क्लबहरुमा आफ्नो प्रतिभा प्रस्तुत गर्न सक्षम रहेको बताए। हाल उनी भारतको प्रख्यात क्लब मिनरवा क्लब पञ्जाबको अप्रेसन मेनेजरमा कार्यरत छन्।

माइग्रेसन हराएको सूचना

मिति २०८१/०४/१५ गते पुलचोकबाट पाटनढोका जाँदा मेरो निम्न व्यहोरा भएको माइग्रेसन सर्टिफिकेट हराएको हुँदा पाउनुहुने महानुभावले मोवाइल नं. **९८४३२४४३०४** वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु।

नाम : स्वस्तिका रोक्का
रजिष्ट्रेसन नं. : ७९३२७४१३००३४
सिम्बोल नं.: २२७५१०५९

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

तेस्रो पटक प्रकाशित मितिः २०८१/०५/१६

प्राईम मल्टिपल एजुकेशनल फाउण्डेशन प्रा.लि.को २०८१/०३/३१ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **प्राईम मल्टिपल विजनेश फाउण्डेशन प्रा.लि. (प्रा.लि. नं.: ९१५०७)** कायम गर्ने गरी मिति २०८१/०४/२३ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८१/०५/१६

के.डि. बिल्डर्स एण्ड सप्लायर्स प्रा.लि.को २०८१/०४/३२ गते सम्पन्न विशेष/वार्षिक साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **बिभान इन्जीनियरिङ कन्सल्टेन्सी एण्ड कन्स्ट्रक्सन प्रा.लि. (प्रा.लि. नं.: २६१११८)** कायम गर्ने गरी मिति २०८१/०५/१२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

UAE मा रोजगार कम्पनी : **SAWAEED EMPLOYMENT - SOLE PROPRIETORSHIP L.L.C**
शहरः **UAE, Abu Dhabi**
पूर्व स्वीकृत मितिः २०८१/०५/१४ चलानी नं.: ६०२२४५०२ LT. No.: 309831

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Shuttering Carpenter	50	0	सम्बन्धित कामामा दक्ष	1200	४३,७५२	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Mason	50	0		1200	४३,७५२							
3.	General Labour/cleaner/helper	50	0		900	३२,८१४							
4.	Steel Fixer	50	0		1200	४३,७५२							

अन्तर्वार्ता मेनपावर कार्यालय चाकुपाट, ललितपुरमा २०८१ भदौ २३ गते (8 September 2024) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३८०७ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

श्रम इजाजत पत्र नं. ११३/०५५/०५६
न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा.लि.
चाकुपाट, ललितपुर, नेपाल, फोन : 01-5268224, 9851008664.
Contact No: 9847275969, 9801232406, 9844863971, 9863775437

SAUDI मा रोजगारको अवसर कम्पनीः **Tea makers café to serve drinks** शहरः **Riyadh**
पूर्व स्वीकृत मितिः २०८१/०५/१४ चलानी नं.: ६०२२४५०३ **L.T. No.: 309836**

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Helper	1	0	स. कामामा दक्ष	1000	३५,६८०	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २३ गते (8 September 2024) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३३०८ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Pigeon H.R. Solutions Pvt. Ltd.
गोंगबु-२६, काठमाडौ, फोन : ०१-४९६५०२२.
Govt Lic. No. 1366/074/075
Email: pigeonhrsolutions@gmail.com, Website: www.pigeonhr.com

साउदीमा रोजगार कम्पनीः First National Recruitment Company शहर : Saudi Arabia
पूर्व स्वीकृत मितिः २०८१/०५/१४ चलानी नं.: ६०२२४५०५ L.T. No.: 309865

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब SR	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Light, Heavy Driver	15	0	स. कामामा दक्ष	1800	६४,२२४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २३ गते (8 September 2024) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३३०८ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

SPEED EMPLOYMENT SERVICE PVT. LTD.
इजाजत पत्र नं. ४५३/०६०/०६१
स्पिड इम्प्लाईमेन्ट सर्भिस प्रा. लि.
सामाखुसी, काठमाडौं, नेपाल फोन: ४३६०८३८
Mobile: 9803116644, 9851012017.

CYPRUS मा रोजगार कम्पनीः CHRISKAR BUSINESS CONSULATNTS
शहरः Cyprus, Limassol
पूर्व स्वीकृत मितिः २०८१/०५/१४ चलानी नं.: ६०२२४४२३ LT. No.: 309643

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब EURO	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Housekeeping	0	10	सम्बन्धित कामामा दक्ष	700	१,०४,३८४	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	waiter	5	5		700	१,०४,३८४							
3.	Cook	5	0		850	१,२६,७५२							

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २३ गते (8 September 2024) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३८०७ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	रु. ४०,००० कामदारले

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
सुबिधानगर, तिनकुने–३५, काठमाडौ, नेपाल
फोनः ५१९२०२८, ४१११६४४ फ्याक्सः ४१११६४४
श्रम इजाजत नं. ९४७/०६७/०६८
E-mail: gautaminternational5@gmail.com Website: www.gautamimps.com.np

CYPRUS मा महिलाहरूलाई रोजगारको अवसर

Throcon Services Ltd. पूर्व स्वीकृती मितिः २०८१/०५/१३ चलानी नं. ६०२२४३७५ LT No. : 309606

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब Euro	मासिक तलब ने.रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1	DOMESTIC WORKER	0	25	काममा दक्ष	400	५९,५००/-	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च कसले व्योहोर्ने	स्वदेशमा गरिने बिमा खर्च कसले व्योहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने /नहुने र कसले व्योहोर्ने	हवाई टिकट कसले दिने र कति लाग्ने	भिषा शुल्क कसले दिने रकति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	कल्याणकारी कोष	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैले	रोजगारदाता कम्पनीले व्योहोर्ने	कामदार आफैले	हुने/रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रु. ३,८०७/- कामदार आफैले	रु. १,५००/- कामदार आफैले	रु. ७,००/- कामदार आफैले	रु. १०,०००/- कामदार आफैले

अन्तरवार्ता २०८१ भाद्र २३ गते (8 Sep., 2024) यस प्रा. लि. को कार्यालय सामाखुसीमा हुनेछ।

White Pearl Light Manpower Services Pvt. Ltd.
Samakhushi, Townplaning, Kathmandu, Nepal
Tel: 01-4982823, 4965003, Mob. No: 9818290427
Lic. No. 1125/073/74
Email : whitepearlmanpower@gmail.com

UAE मा रोजगारको अवसर कम्पनीः STREIT GROUP FZ-LLC
शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/१४ चलानी नं.: ६०२२४४९८ LT. No.: 309914

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Auto Electrician	30	0	सम्बन्धित कामामा दक्ष	1300	४७,३९८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष
2.	Auto Mechanics	30	0		1300	४७,३९८							
3.	Fabricator/fitter	10	0		1500	५४,६९०							
4.	Finishers	10	0		1300	४७,३९८							
5.	Industrial Painters/sandblasters	30	0		2500	९१,१५०							
6.	Sprey Painter	10	0		1500	५४,६९०							
7.	Stik/tig Welders	70	0		1400	५१,०४४							
8.	Upholster (Car Seats)	10	0		1300	४७,३९८							

कम्पनीः ACCURO SPECIALIST SUPPORT SERVICES LLC शहरः UAE
पूर्व स्वीकृत मितिः २०८१/०५/१४ चलानी नं.: ६०२२४४९९ LT. No.: 309923

सि. नं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब AED	मासिक तलब ने. रु.	ओभर टाईम सुविधा	प्रतिदिन काम गर्ने घण्टा	हप्तामा काम गर्ने दिन	वार्षिक विदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Cleaner General	100	100	स. कामामा दक्ष	800	२९,१६८	क.नि. अनुसार	८ घण्टा	६ दिन	क.नि. अनुसार	छ	छ	२ वर्ष

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ भदौ २३ गते (8 September 2024) मा हुनेछ।

स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने	विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने	स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने	रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने	कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने	सामाजिक सुरक्षा कोष (एसएसएफ)	भिषा शुल्क कस्ले व्यहोर्ने	भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने
कामदारले तिर्ने	रोजगारदाताले	कामदारले तिर्ने	रोजगारदाताले	रोजगारदाताले	रु. ३८०७ कामदारले	रोजगारदाताले	रोजगारदाताले	रु. ७०० कामदारले	रु. १,५०० कामदारले	नि:शुल्क

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा बैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

JOB CONNECT PVT. LTD
Dhumbarahi 04, Kathmandu, Nepal. Phone No: 4547330
E-mail:info@jobconnect.com.np, Website: www.jobconnect.com.np
श्रम इजाजत नं. १६७२/०८०/०८१

‘पर्यटन क्षेत्रमा केही गर्ने सपना छ’

ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) मा नयाँ नेतृत्वको लागि सोमबार निर्वाचन हुँदैछ । निर्वाचनले टानको आगामी २ वर्षे कार्यकालका लागि नयाँ नेतृत्व चयन गर्नेछ । निर्वाचनबाट बन्ने १७ सदस्यीय कार्यसमितिका लागि ३४ जना उम्मेदबारहरु चुनावी मैदानमा उत्रिएका छन् । दुई वटा चुनावी प्यानलको नेतृत्व सागर पाण्डे र रामप्रसाद सापकोटाले गरेका छन् । टानको नयाँ नेतृत्व चयन प्रक्रियासँग जोडेर मध्यान्हका **छबि सापकोटा**ले अध्यक्षका उम्मेदवार **सागर पाण्डे**सँग कुरा गरेका छन् ।

सागर पाण्डे
अध्यक्षका उम्मेदवार, ट्रेकिङ एजेन्सीज एसोसियन अफ नेपाल (टान)

ट्रेकिङ एजेन्सीज एसोसियन अफ नेपाल (टान) को निर्वाचनमा तपाईंको उम्मेद्वारी किन ?

ट्रेकिङ एजेन्सीज एसोसियन अफ नेपाल (टान) पर्यटन व्यवसायीको समस्या र नेपालको पर्यटन क्षेत्रको विकासको लागि काम गर्ने संस्था हो । मैले पर्यटन क्षेत्रलाई नजिकबाट बुझेको छु किनभने यस क्षेत्रमा ३० वर्ष समय बिताए । युवा अवस्थादेखि नै पर्यटन क्षेत्र लागियो । अहिले पनि नेपालको पर्यटन क्षेत्रमा केही गर्न सकिन्छ भन्ने सपना छ । शुरुको चरणमा यो क्षेत्रमा अकस्मात प्रवेश गरेको थिएँ तर, यसबाट बाहिर निस्कने सक्ने अवस्था बनेन् । पर्यटन क्षेत्रमा अब हामीले नगरे कसले गर्ने भन्ने लागेर टानको आगामी नेतृत्वका लागि निर्वाचनमा होमिएको छु ।

पर्वतीय पर्यटन र ट्रेकिङ क्षेत्रको विकासको लागि उम्मेदवारी घोषणाको क्रममा तपाईंले के कस्ता योजना अगाडि सार्नुभएको छ ?

टानले स्थापना देखि नै पर्वतीय र ट्रेकिङ काम गर्दै आएको छ । अहिलेसम्म टानको कार्यसमितिले पर्वतीय पर्यटन र ट्रेकिङ क्षेत्रमा निरन्तर काम गरेको छ । कोभिड-१९ को कारण विश्वको पर्यटन क्षेत्र नै संकटमा परेको थियो । तर, अहिले सबैतिर पर्यटकीय गतिविधि बढिरहेका छन् । नेपालमा समेत पर्यटकको आगमन बढीरहेको छ । तर, बसाइ अवधि लामो बनाउने र खर्च गर्ने पर्यटक भने बढ्न सकेको देखिँदैजन । पर्वतीय र ट्रेकिङ क्षेत्रलाई सँगसँगै लैजाने योजना बनाएको छु । टानले पर्यटन क्षेत्रलाई रोड म्याप देखाउने संस्थाको विकास गर्दै आएको छ । राष्ट्रिय रुपमा समेत टानको पहिचान फरक छ । अन्तर्राष्ट्रिय रुपमै टानको महत्व बढ्दै गएको अस्वस्थामा मेरो सो क्षेत्रको अनुभवलाई नयाँ ढंगले अगाडि बढाउने योजना छ ।

यस्तै राज्य र पर्यटन व्यवसायीलाई फाइदा हुनेगरी हान, नाटा लगायत पर्यटनसँग सम्बन्धित संघसंस्था एक भएर काम गर्नु पर्नेछ । पर्यटन क्षेत्रमा लामो समयदेखि निरन्तर लाग्नु भएका पर्यटन व्यवसायी एक भएर सरकारसँग हाम्रा समस्यालाई कार्यान्वयन गर्नेतर्फ मेरो जोड हुनेछ । अहिले सरकार एकातिर, पर्यटनसँग सम्बन्धित व्यवसायी, संघसंस्थाहरु अलग-अलग बाटोतिर हिँड्दा समस्या छ । त्यसैले हामी सबैको लक्ष्य पर्यटन क्षेत्रलाई माथि उठाउने हो भने किन हामी एक भएर नबढ्ने ?

सरकारले पनि पछिल्लो समय पर्यटन क्षेत्रलाई बुझ्न थालेको छ तर, हाम्रो समस्या अझै कति छन् भन्ने बुझाउन सकिएको छैन । पर्यटकलाई नेपाल ल्याएदेखि नफर्किनेसम्म कहाँ-कहाँ समस्या छ त्यो हामीलाई मात्र थाहा छ । हामीले पर्यटन क्षेत्रमा भविष्य देखेका छौं तर सरकारको साथ भने निकै कम पाइरहेका छौं, यो ग्याबलाई अन्त्य गर्ने योजना मैले बनाएको छु । पर्यटन क्षेत्रमा पूर्वाधारको अवस्था पनि नाजुक छ, त्यसले अन्तर्राष्ट्रिय क्षेत्रमा गलत म्यासेज समेत गएको छ, त्यसैले पूर्वाधार निमार्णमा केन्द्रित कार्यक्रम बनाउने तर्फ लाग्ने छु ।

पर्यटन व्यवसायीको मागलाई सम्बोधन गर्न के गर्नुहुन्छ ?

मलाई लाग्छ टानलाई बलियो बनाउँदा पर्यटन व्यवसायीलाई पनि बलियो बनाउन सकिन्छ । हामी कमजोर हुँदा हाम्रा माग सरकारले सुनिरहेको छैन । त्यसलै टानलाई पर्यटन क्षेत्र र पर्यटन व्यवसायीले चिनेको नेतृत्वको आवश्यकता देखिन्छ । हामी कोभिडपछि विस्तारै तग्रिँदै छौ । अब हाम्रो मुख्य लक्ष्य नै पर्यटन व्यवसायलाई तीव्र गतिमा अगाडि बढाउनु नै हो । पर्यटन व्यवसायसँग जोडिएका कम्पोनेन्टहरु, गाइड, सहयोगीहरुको संरक्षण गर्ने हो । उहाँहरु पर्यटन क्षेत्रमा खम्बा हुनुहुन्छ । टानलाई बलियो बनाउने हो भने समग्रमा व्यवसायीहरुको हितको लागि काम गर्न आवश्यक छ । पछिल्लो समय ट्रेकिङ क्षेत्रलाई ध्वस्त बनाउने गतिविधि बढिरहेका छन् । स्थानीय तहमा पर्यटन क्षेत्रको विकास भन्दापनि सडकको क्षेत्रमा विकास देखेको कारण समस्या आएको देखिन्छ तर, हामीले ट्रेकिङ रुटको बारेमा बुझाउन समेत आवश्यक छ । पर्यटन व्यवसायीले ढुक्कसँग व्यापार गर्न र आफ्नो लगानीको सुरक्षित गर्ने योजना बनाउन आवश्यक छ ।

तपाईंको बुझाइमा पर्यटन क्षेत्रलाई राज्यले हेर्ने दृष्टिकोण कस्तो छ ?

राज्यले पर्यटन क्षेत्रमा धेरै गर्न आवश्यक छ । पर्यटन क्षेत्रले नै नेपाललाई माथि लैजान्छ भन्ने लाग्छ । मेरो ३० वर्षे अनुभवमा राज्यको उपस्थिति कमजोर छ । अहिले जे भएको छ त्यो निजी क्षेत्रका पर्यटन व्यवसायीबाट भएको छ । अहिले पनि पर्यटन व्यवसायीकै कारणले पर्यटन क्षेत्र चलायनमान भइरहेको छ । हामी पर्यटन भन्ने बित्तिकै ‘होलेस्टिक’ रुपमा बुझ्छौं । अब यसलाई पर्वतीय, माउन्टेरिङ, इभेन्ट पर्यटनका रुपमा छुट्याउनुपर्छ । पछिल्लो समय नेपालमा रिसोर्ट, चेन होटल तथा साहसिक पर्यटन क्षेत्रमा लगानी बढ्दै गएको छ । यसमा निजी क्षेत्र नै अगाडि छन् । जसरी पर्यटन क्षेत्रमा लगानी बढेको छ । पर्यटकहरुको समेत बसाइ लम्बाउने गतिबिधि समेत बढिरहेको छ । त्यसैले अब निजी क्षेत्रका पर्यटन व्यवसायी र राज्य मिलेर अगाडी बढ्ने हो भने हामी छिट्टै पर्यटन क्षेत्रलाई नयाँ स्वरुपमा विस्तार गर्न सक्छौं ।

अन्त्यमा, निर्वाचनको अन्तिम तयारीमा लाग्नु भएको छ । तपाईंका मतदातालाई के भन्न चाहनुहुन्छ ?

मेरो योजना र एजेण्डा नै टानलाई बलियो संस्था बनाउने हो । म कुरामा भन्दा काममा बढी विश्वास गर्छु । कुनैपनि संस्थामा व्यवसायीको योजना भन्दा राजनीति योजना बढ्दा समस्या देखिन्छ । टानमा राजनीति भन्दापनि पर्यटन क्षेत्रको विकास गर्ने व्यक्तिको नेतृत्वको आवश्यकता छ ।

संस्थामा राजनीति हुँदा संस्थाको गरिमामा नै आँच आउन सक्छ । त्यसैले व्यक्तिको कुनै राजनीतिमा आस्था हुन सक्छ तर, संस्थामा आउँदा राजनीतिक गन्ध आउनु हुँदैन । यो पार्टी वा त्यो पार्टी भन्दापनि पर्यटन व्यवसायीको एजेण्डालाई माथि ल्याउनु पर्छ ।

म पनि स्वतन्त्र भएर चुनावमा होमिएको छु । सबै टानका सदस्य साथीहरुले बुझ्नु भएको छ । राजनीति गर्ने प्लेटफर्मको रुपमा टानलाई प्रयोग गरिनु हुन्न । टानलाई राजनीतिक सिण्डीकेटबाट मुक्त गरेर अगाडि बढ्न आवश्यक छ । मेरो स्वार्थ नै पर्यटन व्यवसायीको हकहितमा काम गर्ने हो । त्यसैका लागि सबै मतदातासँग मेरो आग्रह छ, हामी सबै मिलेर पर्यटन क्षेत्रमा काम गर्ने हो भने दुई वर्षमा हामीले धेरै काम गर्न सकिन्छ ।

ठेक्का तोड्ने चेतावनीपछि कामामा फर्कियो निर्माण कम्पनी

नवलपुर (नवलपरासी)/मस – राष्ट्रिय गौरवको आयोजनाका रुपमा रहेको पूर्वपश्चिम राजमार्गको नारायणगढ बुटवल सडकको ठेक्का तोड्ने सरकारले चेतावनी दिएपछि निर्माण कम्पनी काममा फर्किएको छ । मनसुन शुरु भएपछि सडक विस्तारको काम ठप्प पारेको निर्माण व्यवसायीलाई काममा ढिला गरे ठेक्का तोड्ने भनेर चेतावनी दिइएको सडक विभाग आयोजना निर्देशनालय (एडिबी)का निर्देशक इन्जिनियर चुडाराज ढकालले जानकारी दिए ।

‘निर्माण व्यवसायीले मनसुनका कारण ठेक्कामा घाटा भयो भनेर काममा ढिलासुस्ती गरेको थियो, अगस्त र सेप्टेम्बर महिनामा काम ढिला हुन्छ भनेर भन्दै थियो’, उनले भने, ‘घाटा-नाफा हामी जान्दैनौँ सम्झौताअनुसार काम हुनुपर्छ, तुरुन्त काम शुरु गर्नु होइन भने हामी ठेक्का तोड्ने प्रक्रियामा जान्छौँ भनेपछि उनीहरु अहिले काममा फर्किएका छन् ।’ नारायणगढ-बुटवल सडक विस्तारको जिम्मा पाएको चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेड चाइनाको सरकारी निर्माण कम्पनी भएकाले काम चाँडो गराउन कूटनीतिक पहल गरिएको उनले बताए ।

‘निर्माण व्यवसायी चाइनाको सरकारी कम्पनी हो’, उनले भने, ‘जसरी हुन्छ नारायणगढ बुटवल सडक विस्तारको काम थप भएको समयमा सक्नका लागि हामीले डिप्लोमेटिक पहलसमेत थालेका छौँ ।’ निर्माण कम्पनीको दोस्रोपटक थप गरिएको म्याद गत साउन ८ गते सकिएपछि अहिले एक वर्षका लागि तेस्रोपटक म्याद थप गरिएको ढकालले बताए । अहिले थप गरिएको म्याद नै अन्तिम म्याद भएको भन्दै ढकालले थप भएको समयका काम पूरा नगरे ठेक्का तोड्ने प्रक्रियामा जाने बताए ।

निर्माण कम्पनीले असार लागेदेखि नै सडक विस्तारको काम स्थगित गरेर खाल्डाखुल्डी पुर्ने र मनसुनका कारण अवरुद्ध हुने सडक खुलाउने काम मात्रै गर्दै आएको थियो । मनसुनका कारण स्थगित भएको सडक कालोपत्र गर्ने काम मौसममा सुधार भएपछि पुनः शुरु गरिएको नारायणगढ बुटवल सडक योजना पूर्वी खण्ड प्रमुख आशिष थापा मगरले जानकारी दिए । मनसुनअगाडि नै ‘सबबेस’ र ‘बेस’को काम सकिएको ठाउँमा कालोपत्रको काम पुनः शुरु गरिएको उनको भनाइ छ ।

अहिले नारायणगढ बुटवल सडकको पूर्वी खण्डमा पर्ने गैँडाकोट नगरपालिकाका विभिन्न स्थानमा कालोपत्र गर्ने काम भइरहेको थापा मगरको भनाइ छ । ‘मनसुन अगाडि सबबेस र बेस निर्माण गरेर राखिएको ठाउँको कालोपत्र गर्ने काम सकेपछि बाँकी रहेका ठाउँमा सबबेस र बेस निर्माण गर्ने निर्माण व्यवसायीको तयारी छ’, उनले भने, ‘अब मनसुनले असर पुऱ्याएन भने काम तीव्र गतिमा हुँदैछ ।’ कालोपत्रको कामसँगै सडकका खाल्डाखुल्डी पुर्ने र सडकमा पानी छर्किने कामसमेत भइरहेको उनले बताए ।

नारायणगढबाट बुटवलसम्म एक सय १४ किलोमिटर रहेको यस खण्डलाई दुई खण्डमा विभाजन गरी ठेक्का लगाइएको थियो । नारायणगढबाट दाउन्नेसम्म ६५ किलोमिटर पूर्वी खण्ड र दाउन्नेबाट बुटवलसम्म ४९ किलोमिटर पश्चिम खण्ड गरी सडक विस्तारको काम भइरहेको छ । ग्लोबल टेन्टरमार्फत् दुवै खण्ड निर्माणको ठेक्का चिनियाँ निर्माण कम्पनी चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कर्पोरेसन लिमिटेडले हात पारेको थियो ।

सडक विभाग आयोजना निर्देशनालय (एडिबी)ले जनाएअनुसार असार मसान्तसम्म पूर्वी खण्डमा ५२ दशमलव ५१ प्रतिशत भौतिक र ४६ दशमलव ०२ प्रतिशत वित्तीय प्रगति भएको छ । त्यस अवधिसम्म एक सय ७२ वटा कल्भर्ट निर्माण सम्पन्न, २२ वटा साना पुल निर्माण सम्पन्न भएको निर्देशनालयले जनाएको छ । एकतर्फी हिसाब गर्दा एक सय ३० किलोमिटर कालोपत्र गर्नुपर्ने यस खण्डमा करिब ४५ किलोमिटर कालोपत्र तथा ४० किलोमिटर नाली निर्माणको काम सकिएको निर्देशनालयले निकालेको विज्ञप्तिमा जनाइएको छ ।

टीभीएस एनटर्क डिस्क बीएस सिक्स एफआई सार्वजनिक

PLAY SMART
PLAY NEXT
TVS RONIN

काठमाडौं/मस - टीभीएस मोटरको नेपालको लागि आधिकारिक बिक्रेता जगदम्बा मोटर्सले एनटर्क डिस्क बिएस सिक्स एफआइ सार्वजनिक गरेको छ । नाडा अटो शोमा मिस युनिभर्सका शीर्ष २२ प्रतियोगीहरुद्वारा उक्त एनटर्कको नयाँ भेरियन्ट सार्वजनिक गरिएको हो ।

एनटर्क डिस्क बिएस सिक्स एफआईमा रहेको अत्याधुनिक प्रविधि र आरटिएफआइ बिएस सिक्स प्रणालीले उत्कृष्ट माइलेज प्रदान गर्ने कम्पनीले जनाएको छ । सो भेरियन्टमा रहेको स्मार्ट एक्स कनेक्ट अन्तर्गत कलर आइडी, नेभिगेसन असिस्ट, ब्लुटुथ र एसएमएस अलर्टहरु पनि उपलब्ध छन् ।

साथै ब्रेक लक, स्ट्यान्ड सेन्सर, लास्ट पार्क लोकेसन र इमर्जेन्सी लाइट जस्ता सुविधाहरु पनि यस भेरियन्टमा उपलब्ध छ । एनटर्क डिस्क बिएस सिक्स एफआईको मूल्य मात्र २ लाख ७९ हजार ९०० रहेको छ । टिभिएसको लाइफटाइम वारेन्टीको सुविधा, स्पेयर पार्टस् को १ घण्टा भित्र डेलिभरीको सुविधा र नेपालकै पहिलो स्पोर्टी स्मार्ट स्कुटर भएकाले यो ब्राण्डको बजारमा आफ्नो स्थान थप बलियो रहेको कम्पनीको दाबी छ ।

साथमा यसमा रहेको लोयल्टी एपले ग्राहकको अनुभवलाई झनै राम्रो बनाउने र एनटर्क डिस्क बिएस सिक्स एफआई राइडरहरुको लागि पहिलो चोइस हुने कम्पनीले जनाएको छ । एनटर्क डिस्क बिएस सिक्स एफआईमा रहेको फिचरहरुले राइडर हरुलाई विशेष अनुभव प्रदान गर्नेछ । नयाँ भेरियन्टमा उन्नत इन्जिनियरिङ, उत्कृष्ट पर्फर्मेन्स र स्टाइलिस डिजाइनले साहसी युवा राइडरहरुलाइ स्वभाविक रुपमा आकर्षित गर्नेछ ।

पेट्रोलियम पदार्थको मूल्य घट्यो

काठमाडौं/मस - नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको छ । शनिबार मध्यरातबाट लागू हुने गरी स्वचालित मूल्य प्रणालीअनुसार पेट्रोलियम पदार्थको मूल्य घटाएको हो । पेट्रोलमा प्रतिलिटर २ रुपैयाँ र मट्टीतेल र डिजलमा प्रतिलिटर एक/एक रुपैयाँ घटाइएको निगमले जनाएको छ । त्यस्तै, निगमले आन्तरिक हवाई इन्धनतर्फ प्रतिलिटर ५ रुपैयाँ तथा अन्तर्राष्ट्रिय हवाई इन्धनतर्फ प्रति किलोमिटर ३७ डलर मूल्य घटाएको छ ।

खाना पकाउने एलपी ग्याँसको मूल्यमा ३५ रुपैयाँ वृद्धि भएर आएको तर, मूल्य भने यथावत राखिएको निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । निगमले शनिबार भारतीय आयल कर्पोरेसनबाट प्राप्त भएको नयाँ मूल्यअनुसार पेट्रोलियम पदार्थमा मूल्य समायोजन गरिएको जनाएको छ ।

सूचनाको हकको सम्बन्धमा
सार्वजनिक निकायको दायित्व

- सूचनाको हकको सम्मान र संरक्षण,
- सूचनाको अद्यावधिक र सार्वजनिकीकरण,
- सूचनामा नागरिकको सहज पहुँचको व्यवस्था,
- खुला र पारदर्शी कार्यसम्पादन,

सार्वजनिक निकायले उल्लिखित दायित्व निर्वाह गरी नागरिकको सूचना पाउने हकअधिकार सुनिश्चित गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**